# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, वैशाख ४ गते, २०८३ साल (अतिरिक्ताङ्क २

## भाग १

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं १

### गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**: गण्डकी प्रदेशको भौगोलिक, जनसांख्यिक तथा आर्थिक-सामाजिक विविधतालाई दृष्टिगत गरी नागरिकको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार

सुनिश्चित गर्न, स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय एवम् सर्वसुलभ बनाई सबै नागरिकको सहज पहुँच स्थापित गर्न र जनस्वास्थ्य आपत्काल तथा सङ्क्रामक एवम् नसर्ने रोगको नियन्त्रण तथा रोकथाम गर्दै समग्र स्वास्थ्य क्षेत्रको नियमन, नियन्त्रण र प्रभावकारी व्यवस्थापनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ।

(ख) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्कालको सेवा सम्झनु पर्छ।

(ग) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ।

(घ) "आपत्कालीन स्वास्थ्य सेवा" भन्नाले प्राकृतिक तथा गैह्रप्राकृतिक विपद् वा कुनै सङ्क्रामक रोग वा अन्य कारण नेपाल सरकार वा प्रदेश सरकारले आपतकालीन परिस्थिति

सिर्जना भएको भनी घोषणा गरेको अवस्थामा प्रदान गरिने स्वास्थ्य सेवा सम्झनु पर्छ।

(ङ) “आयुर्वेद संस्था” भन्नाले आयुर्वेद उपचार पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएको आयुर्वेद अस्पताल, नर्सिङ्ग होम, पोली क्लिनिक, पञ्चकर्म, प्राकृतिक चिकित्सा, सोवा रिग्पा (आम्ची), योग, जीवनशैली व्यवस्थापन केन्द्र समेतलाई जनाउँछ।

(च) “गैरसरकारी तथा निजी अस्पताल” भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(छ) “चिकित्सक” भन्नाले प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(ज) “तोकिएको" वा "तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) “निर्देशक समिति” भन्नाले दफा ५७ बमोजिमको प्रदेश जनस्वास्थ्य निर्देशक समिति सम्झनु पर्छ।

(ञ) “पोली क्लिनिक” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै स्थानबाट कम्तीमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ।

(ट) “प्रदेश” भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ठ) “प्रदेश सरकार” भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ड) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) “वैकल्पिक चिकित्सा” भन्नाले आयुर्वेद चिकित्सा बाहेकका प्राकृतिक, होमियोप्याथीक, यूनानी, अकुपन्चर, सोवा रिग्पा (आम्ची) समेतलाई सम्झनु पर्छ।

(ण) “शिक्षण अस्पताल” भन्नाले चिकित्सा विज्ञानको विषयमा कम्तीमा पनि स्नातक तहको अध्यापन गर्ने उद्देश्य लिई प्रचलित कानून बमोजिम स्थापना भई स्वास्थ्य सम्बन्धी सेवा समेत प्रदान गर्नका लागि अनुमति प्रदान गर्ने निकायबाट अनुमति प्राप्त शिक्षण अस्पताल सम्झनु पर्छ।

(त) “सरकारी अस्पताल” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएको वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ।

<u>स्पष्टीकरण</u>ः यस खण्डको प्रयोजनको लागि "आंशिक स्वामित्व" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रुपमा कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनु पर्छ।

(थ) “सहकारी अस्पताल” भन्नाले स्वास्थ्य सेवा दिने उद्देश्यले प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(द) “सामुदायिक अस्पताल” भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई समुदायकै लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफा रहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ध) “समिति” भन्नाले दफा ६६ बमोजिमको प्रदेश आपतकालीन स्वास्थ्य व्यवस्थापन समिति सम्झनु पर्छ।

(न) “सेवाग्राही” भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ ।

(प) “स्वास्थ्यकर्मी” भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(फ) “स्वास्थ्य सेवा” भन्नाले आधुनिक चिकित्सा (एलोपेथीक), आयुर्वेद, होमीयोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपन्चर सेवा, सोवा रिग्पा (आम्ची) चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रबर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (प्यालिएटीभ) सेवा सम्झनु पर्छ र सो शब्दले आधारभूत तथा आकस्मिक जनस्वास्थ्य सेवा समेतलाई जनाउँछ ।

(ब) “स्वास्थ्य संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, शिक्षण अस्पताल, अस्पताल तथा अनुसन्धान केन्द्र, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला, डायग्नोष्टिक सेन्टर, आयुर्वेद संस्था जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाह गर्ने संस्था समेतलाई जनाउँछ ।

## परिच्छेद – २

## आधारभूत तथा अन्य स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवाः** (१) प्रत्येक नागरिकलाई देहायका विषयसँग सम्बन्धित तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा प्राप्त गर्ने हक हुनेछः-

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा,

परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरूवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

(ज) स्वास्थ्य प्रवर्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकार वा प्रदेश सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा।

(२) उपदफा (१) बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरुका अतिरिक्त स्थानीय तहले आर्थिक व्ययभार व्यहोर्ने गरी आवश्यकता अनुसार निःशुल्क रुपमा स्वास्थ्य सेवा थप गर्न सक्नेछ।कुनै स्वास्थ्य सेवा रणनीतिक लक्ष्य प्राप्तिको लागि प्राथमिकीकरण गरी प्रदेशले स्थानीय तहमा सशर्त वा समपुरक अनुदान उपलब्ध गराई कार्यक्रम सञ्चालन गराउन सक्नेछ।

(३) स्थानीय तहले आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्दा प्रदेशमा सञ्चालित सरकारी स्वास्थ्य संस्था तथा शिक्षण अस्पतालसँग साझेदारी गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमका सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ।

४. **आकस्मिक स्वास्थ्य सेवाः** (१) प्रत्येक स्वास्थ्य संस्थाले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न स्वास्थ्य संस्थाले तोकिए बमोजिमका अत्यावश्यक जीवनरक्षक औषधीको उपलब्धता सुनिश्चित गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सेवा उपलब्ध गराउनु प्रत्येक स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध हुन नसकेमा त्यस्तो स्वास्थ्य संस्थाले सो संस्थाबाट उपलब्ध हुने उपचार तत्काल उपलब्ध गराई थप उपचारको लागि अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(५) आकस्मिक उपचार सेवा प्रदान गर्दा सम्बन्धित सेवाग्राहीलाई उपचार शुरु गरिसकेपछि मात्र त्यस्तो सेवा प्राप्त गर्दा पूरा गर्नुपर्ने प्रक्रिया अवलम्बन गर्न लगाउनु पर्नेछ र आकस्मिक उपचारको लागि आएका सेवाग्राहीलाई धरौटी रकम जम्मा नगरेको तथा प्रहरी रिपोर्ट लगायतका अन्य कागजात पेश नगरेकै कारणले सेवाबाट बञ्चित गर्न पाइने छैन।

(६) आकस्मिक उपचार गर्दा लागेको खर्च सम्बन्धित व्यक्तिको स्वास्थ्य बीमा भएकोमा सोबाट र स्वास्थ्य बीमा नभएकोमा वा स्वास्थ्य बीमाको रकमले नपुग हुने भएमा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिले व्यहोर्नु पर्नेछ।

(७) स्वास्थ्य उपचार सेवा प्रदान गर्दा सम्बन्धित सेवाग्राही वा निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिलाई उपचार प्रक्रिया, अनुमानित लागत र सम्भावित परिणामको बारेमा जानकारी गराउनु पर्नेछ।

(८) स्वास्थ्य संस्थालाई कुनै पनि दुर्घटना वा महामारी जस्ता आपतकालीन अवस्थामा घटनास्थल वा सेवा आवश्यक भएको स्थलमा नै गई आकस्मिक उपचारको व्यवस्था तोकिएको निकायले गर्न लगाउन सक्नेछ।

(९) आकस्मिक स्वास्थ्य सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **विशेषज्ञ सेवा**ः (१) प्रदेश सरकारले स्वास्थ्य सेवाको प्रकृति, भौगोलिक अवस्था, रोगको प्रकोप दरलाई आधार मानी आवश्यकता अनुसार तोकिएका स्वास्थ्य संस्थाले तोकिएका विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "विशेषज्ञ स्वास्थ्य सेवा" भन्नाले आधारभूत स्वास्थ्य सेवा बाहेकका अन्य तोकिएका स्वास्थ्य सेवालाई सम्झनु पर्छ।

(२) विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न मन्त्रालयले प्रदेशभित्र दूर चिकित्सा (टेलिमेडिसिन), विद्युतीय स्वास्थ्य (ई-हेल्थ) जस्ता प्रविधि तथा प्रक्रिया अवलम्बन गर्न सक्नेछ।

(३) विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेश सरकारले विशेषज्ञ जनशक्ति परिचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) स्थानीय तहले तोकिएको मापदण्ड पूरा गरी कुनै विशेषज्ञ सेवा प्रवाह गर्न सक्नेछ।

(५) विशेषज्ञ सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **प्रेषण (रेफरल) सेवा**: (१) प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएको बिरामीलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने सेवा प्रदान गरी थप उपचार प्रदान गर्न नसकिने अवस्था भएमा सोको लागि तुरुन्त उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण (रेफरल) गर्नु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिमका विधि र प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा आफूसँग रहेका न्यूनतम स्वास्थ्य सम्बन्धी उपकरण एवम् उपलब्ध स्वास्थ्य सुविधा सहित प्रेषण गर्नु पर्नेछ र प्रदेशभित्रका संस्थामा प्रेषण गर्दा बिरामी पुगेपछि सेवा प्राप्त गर्ने विभागमा सोझै जान सक्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) प्रेषण गरिएको स्वास्थ्य संस्थाले बिरामी प्रेषण गर्ने स्वास्थ्य संस्थालाई बिरामीको उपचार सम्बन्धमा तोकिए बमोजिम पृष्ठपोषण उपलब्ध गराउनु पर्नेछ।

(५) विशेषज्ञ सेवा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाबीच आवश्यक प्रेषण प्रणाली स्थापना गरी सेवा प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(६) आफ्नो संस्थामा उपयुक्त सेवा, सम्बन्धित स्वास्थ्य उपकरण, चिकित्सक तथा स्वास्थ्यकर्मी हुँदा हुँदै सेवाग्राहीलाई अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाइने छैन।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको पायक पर्ने वा सेवाग्राहीले चाहेको र सम्बन्धित उपचार उपलब्ध भएको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्ने छैन ।

(८) आफ्नो स्वास्थ्य संस्थामा प्रेषण भई आएका सेवाग्राहीलाई उचित प्राथमिकता दिई सेवा दिनु स्वास्थ्य संस्थाको दायित्व हुनेछ।

(९) सेवाग्राहीलाई अनावश्यक आर्थिक भार नपर्ने गरी प्रेषण गरी पठाउने स्वास्थ्य संस्थामा गरिएको परीक्षण प्रतिवेदनलाई मान्यता दिनु पर्नेछ।

तर पुनः परीक्षण गर्नुपर्ने अवस्था आएमा सोको उपयुक्त आधार र कारण खुलाई पुनःपरीक्षण गर्न बाधा पुग्ने छैन।

(१०) प्रेषण (रेफरल) सेवा सम्बन्धी विधि तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ।

७. <u>**गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने**</u>: (१) प्रत्येक स्वास्थ्य संस्थाले तोकिए बमोजिम गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताको लागि मन्त्रालयले गुणस्तर सुनिश्चितता प्रणालीको विकास गर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रणालीको विकास गर्न प्रदेश सरकारले देहायका कार्यहरु गर्नेछः-

(क) नागरिकको स्वास्थ्यको संरक्षण र सम्बर्द्धनका लागि नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको प्राथमिकता निर्धारण गरी समतामूलक तवरबाट सेवा उपलब्धताको सुनिश्चित गर्ने,

(ग) स्वास्थ्य संस्थामा आवश्यक पर्ने जनशक्ति, भौतिक पूर्वाधार र साधन स्रोतको मापदण्ड निर्धारण गर्ने र सोको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने,

(घ) स्वास्थ्य सेवा प्रवाहको क्रममा सेवाग्राही र सेवा प्रदायकको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच स्थापित गर्न सूचना र प्रविधिको विकास तथा विस्तार गर्ने,

(४) स्वास्थ्य संस्थाले सेवा प्रदान गर्दा वा स्वास्थ्य संस्थामा जडित उपकरणको प्रयोग गर्दा प्रचलित कानून बमोजिम सम्बन्धित सेवा प्रदान गर्न अनुमति प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी वा कर्मचारीले मात्र सञ्चालन गरी प्रतिवेदन प्रदान गर्नु पर्नेछ।

## परिच्छेद–३

## <u>स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धी व्यवस्था</u>

८. **<u>स्वास्थ्य संस्था सञ्चालन गर्नु अगाडि अनुमति लिनुपर्ने:</u>**(१) प्रचलित ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य संस्था सञ्चालन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले पन्ध्र शैयासम्म स्थानीय तहबाट र सो भन्दा माथी दुईसय शैयासम्म मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट सञ्चालन अनुमति लिनुपर्नेछ ।

(३) प्रदेश सरकारले स्थापना र सञ्चालन गर्ने स्वास्थ्य संस्थाको हकमा तोकिए बमोजिम मापदण्ड तयार गरी सो अनुसार स्थापना गर्नुपर्नेछ।

(४) कुनै पनि स्वास्थ्य सम्बन्धी शिक्षण संस्था सञ्चालन गर्नको लागि अनुमति लिन चाहने संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएका काउन्सिलको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(५) निजी, गैरसरकारी संस्था वा सहकारी संस्थाले शिक्षण संस्था स्थापना गर्नुपर्दा आफ्नै निजी अस्पताल वा नर्सिङ्ग होम वा सामुदायिक अस्पताल वा गैरसरकारी वा सहकारी अस्पताल हुनुपर्नेछ।

(६) यस ऐन बमोजिम अनुमति लिएका स्वास्थ्य संस्थाले तोकिए बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछन्।

(७) स्वास्थ्य संस्थाले प्रदेश सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकारले तोकेको नियमावली, प्रोटोकल, कार्यविधि, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(८) प्रदेशमा पर्यटन लक्षित आयुर्वेद, योग, ध्यान, पञ्चकर्म, प्राकृतिक चिकित्सा तथा आधुनिक चिकित्सा सम्बन्धी सेवा प्रवाह गर्ने गरी स्वास्थ्य संस्था स्थापना एवं सञ्चालन गर्न मन्त्रालयले मापदण्ड बनाई प्रोत्साहन गर्न सक्नेछ।

(९) स्वास्थ्य पर्यटन सम्बन्धी सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ।

(१०) स्वास्थ्य पर्यटनको लागि स्थापना हुने स्वास्थ्य संस्थाको मापदण्ड तोकिए बमोजिम हुनेछ।

९. **शुल्क सम्बन्धी व्यवस्था** (१) स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नति वा नविकरण गर्न अनुमति प्राप्त भएमा तोकिए बमोजिमको अनुमति दस्तुर र नवीकरण दस्तुर अनुमति प्रदान गर्ने संस्थामा बुझाउनु पर्नेछ।

(२) सर्वसाधारणलाई उचित मुल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनको लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको शुल्क मन्त्रालयले मापदण्ड बनाई तोक्न सक्नेछ।

(३) प्रदेशमा स्वास्थ्य पर्यटन सम्बन्धी सेवा प्रवाह गर्न स्थापित स्वास्थ्य संस्थालाई मन्त्रालयले मापदण्ड बनाई तोकिए बमोजिम सहुलियत प्रदान गर्न सक्नेछ।

१०. **पूर्वाधार निर्माण आशय पत्र(लेटर अफ इन्टेन्ट) को लागि निवेदन दिनु पर्नेः** (१) ऐन बमोजिम यस स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको ढाँचामा आशय पत्र (लेटर अफ इन्टेन्ट) को लागि निवेदन दिनुपर्नेछ ।

तर सोह्र देखि पच्चिस शैय्यासम्मको अस्पतालले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन, छब्बिस देखि एक सय शैय्यासम्मको अस्पतालले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र एक सय शैय्या भन्दा बढीको अस्पतालले वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन समेत पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको मितिले एक महिनाभित्र परीक्षण गर्न र प्रतिवेदन दिनका लागि तोकिए बमोजिम प्राविधिक समिति खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधिक समितिले अध्ययन गरी प्रतिवेदन तीस दिन भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र अनुमति प्रदान गर्ने निकायले बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणको लागि निवेदकलाई आशय पत्र प्रदान गर्न सक्नेछ।

तर आशय पत्र प्रदान गर्नु नपर्ने कारण भए कारण सहित लिखित जानकारी मन्त्रालय वा तोकिएको निकायले सम्बन्धित पक्षलाई दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधि भित्र मनासिब कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपको लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थालाई बढीमा एक वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणको लागि समयावधि थप गर्न सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि जुन थप सेवा विस्तार गर्नलाई आशय पत्र पेश भएको हो त्यस्तो प्रस्तावित भवन निर्माण सम्पन्न नभएसम्म पुरानो भवनमा तत् तत् सेवा सञ्चालन गर्न पाइने छैन ।

११. <u>स्वास्थ्य संस्था सञ्चालन अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) कुनै पनि स्वास्थ्य संस्थालाई अनुमति दिनुभन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाको पूर्वाधार र मापदण्ड तोकिए बमोजिमको भए, नभएको प्राविधिक समितिले अनुगमन गरी सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको नपाइएमा त्यस्तो स्वास्थ्य संस्थालाई तत्काल सुधारका लागि छ महिनासम्मको अवधि दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन तथा निरीक्षणका क्रममा दिएको निर्देशन पालना नगर्ने स्वास्थ्य संस्थालाई मन्त्रालयले अनुमति दिनेछैन ।

(४) स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ ।

(५) स्वास्थ्य पर्यटन सम्बन्धी सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको अनुगमन तथा नियमन मन्त्रालय वा तोकिएको निकायले गर्नेछ।

१२. **पूर्वाधार सम्बन्धी मापदण्डः** स्वास्थ्य संस्थाहरुले सेवा सञ्चालन गर्दा तोकिए बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गर्नु पर्नेछ ।

१३. **सञ्चालन अनुमति दिन सकिनेः** (१) दफा १०, ११ र १२ बमोजिमको कार्य सम्पन्न भए पश्चात स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक कागजात संलग्न गरी मन्त्रालय वा तोकिएको निकाय समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा मन्त्रालयले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दफा १० को उपदफा (२) बमोजिम प्राविधिक समितिलाई अनुगमन गर्न लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम प्राविधिक समितिले पैंतालीस दिनभित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए, नभएको राय सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधार र यस ऐन बमोजिमको मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई बढीमा पाँच वर्षसम्मको लागि स्वास्थ्य सेवा सञ्चालन गर्न तोकिएको ढाँचामा अनुमति दिनसक्नेछ।

(५) स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) हाल सञ्चालनमा रहेका र नविकरण नभएका स्वास्थ्य संस्थाहरुले यो ऐन जारी भएको छ महिनाभित्र साबिक बमोजिम हुने नविकरण दस्तुर एकमुष्ट बुझाई सञ्चालन अनुमति लिई सक्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम तोकिएको समयावधिसम्म पनि नविकरण नगर्ने स्वास्थ्य संस्थाले त्यस्तो म्याद गुज्रेको छ महिनाभित्र मनासिब आधार र कारण सहित म्याद थपका लागि निवेदन पेश गरेमा एक पटकका लागि साबिक बमोजिम बुझाउनुपर्ने नविकरण दस्तुरको दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिनेछ।

(८) उपदफा (७) बमोजिमको अनुमति नलिने स्वास्थ्य संस्था स्वतः खारेज हुनेछ।यसरी खारेज भएपछि त्यस्तो स्वास्थ्य संस्थाको सम्पत्ति तथा दायित्व प्रचलित कानून बमोजिम हुनेछ।

(९) गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले आर्थिक वर्ष सकिएको पैंतालिस दिन भित्र सञ्चालन स्वीकृति लिएको निकाय समक्ष तोकेको ढाँचामा स्वःमूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्नेछ।

(१०) सञ्चालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमका शर्तहरु पूरा गरी अनुमतिका लागि मन्त्रालयमा संयुक्त रुपमा निवेदन दिन सक्नेछन्।

## परिच्छेद – ४

## सेवाग्राही, सेवा प्रदायक तथा स्वास्थ्य संस्थाको कर्तव्य र दायित्व

१४. **सेवाग्राहीको कर्तव्य**: प्रचलित कानूनले स्वास्थ्य संस्थामा वा स्वास्थ्यकर्मीसँग सेवा लिने सेवाग्राहीले पालना गर्नुपर्ने भनी तोकिएका कर्तव्यका अतिरिक्त अन्य कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने, योग, ध्यान, शारीरिक व्यायाम गर्ने तथा नियमित स्वास्थ्य परीक्षण गर्ने,

(ख) आफ्नो वासस्थान भित्र, बाहिर र वरपरको वातावरण सफा राख्ने,

(ग) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको आचारसंहिता तथा नियमको पूर्ण पालना गर्ने र स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा उपभोग गर्ने,

(घ) स्वास्थ्य सेवा लिँदा स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्य अवस्थाको यथार्थ जानकारी उपलब्ध गराउने,

(ङ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने,

(च) स्वास्थ्यकर्मीले तोके बमोजिमको आहार व्यवहार अवलम्बन गर्ने,

(छ) सिफारिस गरिएको आंशिक वा पूरा उपचार लिन अस्वीकार गरेको अवस्थामा वा अन्य स्वास्थ्य संस्थामा प्रेषण गरेमा तोकिएको प्रक्रिया पूरा गर्ने,

(ज) स्वास्थ्य संस्थाले प्रेषण गरेको स्वास्थ्य सेवा लिने,

(झ) स्वास्थ्यकर्मी प्रति शारीरिक, मानसिक वा लैङ्गिक हिंसा हुने काम नगर्ने,

(ञ) सरकारले तोके बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रममा समावेश हुने।

१५. **समान व्यवहार गर्नुपर्नेः** (१) सबै सेवाग्राही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु प्रत्येक स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

(२) स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचार, सेवा वा शुल्कमा भेदभाव गर्नु गराउनु हुँदैन।

तर सकारात्मक विभेदको आधारमा आवश्यकता अनुसार सेवाको सुनिश्चितता गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिरामीको स्वास्थ्यको गम्भीरताको आधारमा स्वास्थ्य संस्थाले उपचार गर्दा प्राथमिकीकरण गर्नु पर्नेछ ।

१६. **पेशागत आचरणः** (१) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषद्ले निर्धारण गरे बमोजिमका पेशागत आचरण पालना गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले बिरामी वा निजको आफन्तको लिखित मन्जुरी बिना निजमाथि उपचारसँग प्रत्यक्ष रुपमा सम्बन्धित परीक्षण बाहेक अन्य अनुसन्धान कार्य गर्न गराउन पाउने छैन।

(३) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी कर्मचारीले एकै समयमा एकभन्दा बढी स्वास्थ्य संस्थामा आबद्ध रही सेवा गर्न पाइने छैन।

१७. **गोपनीयता कायम राख्नेः** (१) स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा निजले प्राप्त गरेको उपचार लगायतका सूचना गोप्य राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सूचना सार्वजनिक गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैनः-

(क) सूचना सार्वजनिक गर्न सेवाग्राहीले लिखित सहमति प्रदान गरेमा,

(ख) अदालतको आदेश वा प्रचलित कानून बमोजिम सूचना सार्वजनिक गर्नु परेमा,

(ग) सूचना सार्वजनिक नगर्दा त्यसबाट जनस्वास्थ्यमा गम्भीर असर पर्ने देखिएमा,

(घ) सरकारले सार्वजनिक गर्नुपर्ने भनी तोकेका विषयमा।

(३) उपदफा (२) को खण्ड (ग) को प्रयोजनको लागि जनस्वास्थ्यमा गम्भीर असर पर्ने वा नपर्ने सम्बन्धमा तोकिएको अधिकारीले निर्णय गरे बमोजिम हुनेछ।

१८. **स्वास्थ्य संस्थाको दायित्वः** (१) प्रत्येक स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिम अनुमति प्राप्त स्वास्थ्य सेवा मात्र प्रदान गर्नु पर्नेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले योग्य सेवा प्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले कुनै पनि रोगको संक्रमण नहुने, स्वास्थ्य संस्थाबाट उत्पन्न हुने फोहर व्यवस्थापन र संक्रमण रोक्ने तर्फ आवश्यक सुरक्षात्मक उपायको अवलम्बन गर्नु पर्नेछ।

(४) प्रत्येक स्वास्थ्य संस्थाले आफूले उपलब्ध गराएको स्वास्थ्य सेवासँग सम्बन्धित देहायको सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछः-

(क) उपलब्ध स्वास्थ्य सेवा, सोको प्रकृति, लाग्ने अनुमानित समय र लागत,

(ख) कार्यसञ्चालन तालिका, चिकित्सक वा स्वास्थ्यकर्मीको नाम, दर्ता प्रमाण-पत्र नम्बर, समय तालिका, सेवा शुल्क,

(ग) स्वास्थ्य सेवामा पहुँच स्थापित गर्ने कार्यविधि,

(घ) सुझाव तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि ।

(५) स्वास्थ्य संस्थाले उपदफा (४) बमोजिमका सूचना अनिवार्य रुपमा आफ्नो नागरिक बडापत्रमा खुलाउनु पर्नेछ ।

(६) गैर सरकारी वा निजी स्वास्थ्य संस्थाले गरिब र विपन्न नागरिकलाई तोकिए बमोजिमका निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य सेवा प्राप्त गर्ने सेवाग्राहीको नाम र प्रदान गरिएको सेवाको प्रकृति सम्बन्धी विवरण मासिक रुपमा मन्त्रालयले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ।

(८) प्रत्येक स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सम्बन्धी सेवाग्राहीको गुनासो सुन्ने र यथाशिघ्र सम्बोधन गर्ने संयन्त्रको व्यवस्था गर्नु पर्नेछ।

१९. **<u>डिस्चार्ज (बहिर्गमन) सारांश दिनु पर्ने:</u>** प्रत्येक स्वास्थ्य संस्थामा भर्ना भएका बिरामीलाई डिस्चार्ज गर्दा त्यस्ता संस्थाले तोकिए बमोजिमको जानकारी सहितको डिस्चार्ज सारांश दिनु पर्नेछ ।

२०. **<u>सरकारी निकायलाई जानकारी गराउने:</u>** (१) कसैले दुर्घटना वा अन्य कुनै कारणले कुनै व्यक्तिलाई उपचारको लागि कुनै स्वास्थ्य संस्थामा लगेमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो व्यक्तिलाई तत्काल आफूसँग भएसम्मको उपचारको सेवा प्रदान गर्नु पर्नेछ र त्यस्तो व्यक्तिको पहिचान हुन नसकेमा सोको जानकारी तत्काल सम्बन्धित तालुक निकाय, प्रशासन वा प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले सूचना दिंदा उपचार गरिएको व्यक्ति र निजसँग सम्बन्धित उपलब्ध भएसम्मको अन्य जानकारी समेत दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी प्राप्त गर्ने तालुक निकाय, प्रशासन वा प्रहरी कार्यालयले सम्बन्धित व्यक्तिको परिवार, अभिभावक वा संरक्षकको खोजी गरी सोको जानकारी गराउनु पर्नेछ।

२१. **<u>अन्यत्र सेवा गर्न नपाउने:</u>** (१) सरकारी अस्पताल वा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी वा कर्मचारीले सम्बन्धित निकायले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम बाहेकको समयमा अन्यत्र सेवा प्रदान गर्न चाहेमा तोकिए बमोजिमको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले निजी क्षेत्रमा काम गर्दा उक्त सरकारी स्वास्थ्य संस्थासँगको निजको आबद्धता, नाम, पद र संस्थाको प्रचार गर्न पाइने छैन।

२२. **<u>अत्यावश्यक सेवा मानिने:</u>** प्रत्येक स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा अत्यावश्यक सेवा अन्तर्गत परेको मानिनेछ।प्रचलित कानूनमा अन्यथा लेखिएकोमा वाहेक यस्तो सेवाको सञ्चालनमा कुनै संस्था वा व्यक्तिले कुनै प्रकारले अवरोध सृजना गर्न, बन्द गर्न, हडताल गर्न, स्वास्थ्य संस्थाको एम्बुलेन्स वा अन्य सवारी साधनको आवागमनमा रोक लगाउन पाउने छैन।

२३. **बिचौलियाको रूपमा कार्य गर्न नहुने**: (१) कसैले पनि कुनै स्वास्थ्य संस्थामा उपचार गराउनको लागि आर्थिक लाभ लिएर बिचौलियाको रुपमा कार्य गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कसैले कार्य गरेमा दफा ९२ बमोजिम सजाय हुनेछ।

२४. **स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी व्यवस्थाः** (१) कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिई स्वास्थ्यकर्मीलाई घेराउ, कुनै किसिमले धम्की दिन, गाली गलौज, अपमानजनक व्यवहार वा हातपात गर्न र स्वास्थ्य संस्थामा तोडफोड, आगजनी वा यस्तै अन्य कुनै कार्य गर्न गराउन हुँदैन।

(२) कसैले कुनै स्वास्थ्यकर्मी उपर वा स्वास्थ्य संस्थामा उपदफा (१) विपरीतको कुनै काम कारबाही गरेमा वा गर्न लागेमा वा गर्न उत्प्रेरित गरेमा त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले स्थानीय प्रशासनसँग सुरक्षाको माग गर्न सक्नेछ ।

(३) कुनै ठाउँ र अवस्थालाई विचार गर्दा कुनै स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा अवरोध पुग्न जाने भई स्थायी रुपमा सुरक्षाको व्यवस्था गर्न आवश्यक भएमा प्रदेश सरकारले त्यस्तो स्वास्थ्य संस्थामा स्थायी रुपमा सुरक्षाको व्यवस्था गर्न सक्नेछ।

(४) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **जनस्वास्थ्य सेवा प्रवाह र उपभोग सम्बन्धी व्यवस्था:** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले जनस्वास्थ्य सेवा प्रवाह र उपभोग निरीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षणको लागि निरीक्षण टोली गठन गर्न वा विज्ञ नियुक्ति गरी परिचालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको जनस्वास्थ्य निरीक्षण टोली वा विज्ञ समूहको काम, कर्तव्य र अधिकार तथा सेवा सुविधा मन्त्रालयले तोके बमोजिम हुनेछ।

२६. **एम्बुलेन्स र शववाहन सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) प्रदेशमा एम्बुलेन्सको सञ्चालन गर्ने सम्बन्धमा प्रदेश सरकारले निर्देशिका तयार गरी लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिकाको पालना गर्नु एम्बुलेन्स सेवा प्रदायकहरुको कर्तव्य हुनेछ।

(३) एम्बुलेन्स जी.पी.एस. ट्र्याकीङ प्रणालीसँग अनिवार्य रुपमा आबद्ध हुनुपर्नेछ र जनस्वास्थ्य कार्यालयले त्यसको अनुगमन र नियमन गर्न सक्नेछ।

(४) एम्बुलेन्स र शववाहनको सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **संरक्षक तथा अभिभावकको उपचार गराउने दायित्व हुने:** परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गरिएको कुनै पनि व्यक्ति बिरामी भएमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, उपचार खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षक तथा संरक्षकत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ।

२८. **सेवाग्राहीलाई जानकारी दिनुपर्ने:** (१) प्रत्येक स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई देहायका विषयमा जानकारी दिनु पर्नेछः-

(क) सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना दिँदा निजको वा समुदायको हित विपरीत हुन सक्ने पर्याप्त आधार भएमा बाहेक प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको अवस्था,

(ख) रोगको निदान, निदान भएको रोगको प्राकृतिक परिणाम र उपचारसँग सम्बन्धित सेवाको प्रक्रिया, स्तर र विकल्प,

(ग) स्वास्थ्य उपचार सम्बन्धी विकल्पसँग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिणाम,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा अस्वीकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिणाम, जोखिम र दायित्व।

(२) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउँदा सम्भव भएसम्म निजले बुझ्न सक्ने भाषामा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जनुसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना सम्बन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा निजको परिवारको कानूनी रुपले सक्षम सदस्यलाई दिनु पर्नेछ।

२९. **<u>सेवाग्राहीको सुसूचित सहमति (इन्फर्मड कन्सेन्ट) लिनुपर्नेः</u>** (१) प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा निजको सुसूचित सहमति लिनु पर्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "सुसूचित सहमति" भन्नाले कानूनी रुपले सक्षम व्यक्तिले स्वास्थ्य सेवा लिन दिएको लिखित वा मौखिक सहमति सम्झनु पर्छ।

(२) उपदफा (१) को प्रयोजनको लागि तोकिएको उपचार प्रदान गर्न लिखित सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सेवाग्राहीको सुसूचित सहमति बिना स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछः-

(क) सेवाग्राहीले सहमति प्रदान गर्न सक्ने अवस्थामा नरहेको र कसैलाई पनि त्यस्तो सहमति प्रदान गर्ने अनुमति वा अख्तियारी नदिएकोमा उपलब्ध भएसम्म क्रमशः निजको पति वा पत्नी, बाबु वा आमा, हजुरबुवा वा हजुरआमा, उमेर पुगेका छोरा वा छोरी, दाजुभाई वा दिदीबहिनी वा उपलब्ध सेवाग्राहीको निकटतम व्यक्तिले सहमति दिएको अवस्थामा,

(ख) प्रचलित कानून वा अदालतको आदेश बमोजिम सहमति बिना नै स्वास्थ्य सेवा उपलब्ध गराइएको अवस्थामा,

(ग) कुनै व्यक्तिलाई उपचार नगर्दा जनस्वास्थ्यमा गम्भीर खतरा उत्पन्न हुने अवस्था रहेकोमा,

(घ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरिएमा सम्बन्धित बिरामीको मृत्यु हुन सक्ने वा निजको

स्वास्थ्यमा अपूरणीय क्षति पुग्न सक्ने सम्भावना रहेकोमा,

(ङ) सम्बन्धित व्यक्तिले व्यक्त वा अव्यक्त रुपमा वा आचरणद्वारा स्वास्थ्य सेवा लिन अस्वीकार नगरेकोमा,

(च) तोकिए बमोजिमको अन्य अवस्थामा।

३०. **उजुरी गर्न सक्ने**: (१) उपचारको क्रममा कुनै सेवाग्राहीको स्वास्थ्य उपचार प्रति निजलाई कुनै आशंका भएमा निजले उपचारमा संलग्न स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्था विरुद्ध तोकिएको निकायमा तोकिए बमोजिम उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी उपर आवश्यक कार्य गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ।

## परिच्छेद–५

## स्वास्थ्य प्रणाली र सेवा व्यवस्थापन

३१. **स्वास्थ्य सेवाको सञ्चालन र नियमन**: (१) प्रदेशभित्र स्थापना तथा सञ्चालन भएका स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा सम्बन्धी मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ।

(२) स्वास्थ्य संस्थाको प्रमुखले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदायकको स्वास्थ्य स्थितिको आधारमा स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवामा निश्चित शर्त बन्देज लगाउन सक्नेछ।

३२. **घुम्ती स्वास्थ्य शिविरबाट सेवा प्रदान गर्ने**: (१) गैर सरकारी, निजी स्वास्थ्य संस्था वा शिक्षण अस्पतालले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको अनुमति लिएर मात्र घुम्ती शिविरमार्फत स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछन्।

(२) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले उपदफा (१) बमोजिम अनुमति प्रदान गर्दा घुम्ती स्वास्थ्य शिविरमा अनिवार्य प्रदान गरिनु पर्ने सेवाहरु तोक्न सक्नेछ।

(३) घुम्ती स्वास्थ्य शिविरमार्फत सेवा प्रदान गर्दा पूरा गर्नुपर्ने प्रक्रिया र अन्य मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ।

३३. **<u>मानव स्रोतको विकास तथा व्यवस्थापनः</u>** (१) प्रदेश सरकारले स्वास्थ्य क्षेत्रको मानव स्रोतको विकास, वितरण र उपयोग सम्बन्धी रणनीति एवम् मापदण्ड तयार गरी लागु गर्नेछ।

(२) प्रदेश सरकारले प्रचलित कानूनको अधीनमा रही चिकित्सक तथा स्वास्थ्यकर्मीको प्रोत्साहन, वृत्तिविकास तथा क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेशमा विद्यमान स्वास्थ्य समस्याहरुलाई यथोचित सम्बोधन गर्न समय सापेक्ष दक्ष जनशक्ति उत्पादन, उपयोग तथा वितरणका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) मन्त्रालयले स्वास्थ्य सेवालाई अविच्छिन्न राख्न, विस्तार गर्न एवं थप गुणस्तरीय बनाउन आवश्यक जनशक्ति व्यवस्थापन वार्षिक बजेट तथा कार्यक्रम मार्फत गर्न सक्नेछ।

३४. **<u>अनुगमन, नियमन, तथा गुणस्तर मापनः</u>** (१) स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुप गुणस्तर कायम गरे नगरेको सम्बन्धमा अनुगमन, निरीक्षण र नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) मन्त्रालय र अन्तर्गतको निकायले उपदफा (१) मा उल्लेख भएको विषयमा प्रतिकूल असर नपर्ने गरी निर्देशिका वा मापदण्ड पालना भए नभएको विषयमा अनुगमन र निरीक्षण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने अनुगमन वा निरीक्षणका क्रममा मन्त्रालयले स्वास्थ्य संस्थाको मापदण्ड अनुसारको कागजात, अभिलेख वा सूचना माग गर्न सक्नेछ र त्यसरी माग गरिएको कागजात, अभिलेख वा सूचना तत्कालै उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

(४) उपदफा (२) बमोजिम अनुगमन, निरीक्षण र नियमन गर्ने अधिकारीले तोकिएको अवधिभित्रमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन अनुसार कुनै स्वास्थ्य संस्थाले उल्लिखित मापदण्ड र निर्देशनको पालना नगरेको देखिएमा मन्त्रालयले तोके बमोजिम त्यस्तो सेवा बन्द गर्ने आदेश समेत दिन सक्नेछ।

(६) मन्त्रालय एवं मातहतको निकायले स्थानीय तहमा सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य सेवाको अनुगमन गरी सुधार एवं कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

३५. **स्वास्थ्य बीमा**ः (१) नागरिकको स्वास्थ्य बीमा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी र सुदृढ बनाउन प्रदेश सरकारले आवश्यक व्यवस्था तथा नियमन गर्न सक्नेछ।

(३) नवजात शिशु, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्नु निजको संरक्षक तथा अभिभावकको कर्तव्य हुनेछ ।

(४) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा र प्रयोगशाला सेवालाई समेत स्वास्थ्य बीमामा आबद्ध गरिनेछ।

(५) जटिल प्रकारको कुनै किसिमका रोगहरुको सेवा प्रवाहमा दोहोरो सुविधा दिइने छैन।

(६) सम्बन्धित सेवा प्रदायक संस्थाले आफ्ना सबै कर्मचारीलाई अनिवार्य स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्नु गराउनु पर्नेछ।

३६. **औषधीको मूल्य, फार्मेसी र निःशुल्क औषधी सम्बन्धी व्यवस्थाः** (१) प्रदेशमा कसैले औषधीको बिक्री वितरण गर्न चाहेमा प्रचलित कानून बमोजिम इजाजत लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजत प्राप्त औषधी बिक्रेताले सरकारले निर्धारण गरेको भन्दा महँगो मूल्यमा औषधी बिक्री गरेको, गुणस्तरहीन औषधी बिक्री गरेको, औषधी बिक्री गर्दा अत्याधिक मुनाफा लिएको, इजाजत पत्र नलिई औषधीको कारोबार गरेको वा इजाजत पत्रमा उल्लिखित शर्त विपरीत औषधीको कारोबार गरेको भनी कुनै औषधी बिक्रेता विरुद्धमा उजुरी परेमा वा कुनै स्रोतबाट मन्त्रालयलाई जानकारी प्राप्त भएमा मन्त्रालयले तोकिए बमोजिम कारबाही गर्न सक्नेछ।

(३) सरकारी स्वास्थ्य संस्थाले तोकिए बमोजिमका निःशुल्क औषधीहरु अनिवार्य रुपमा भण्डारण गरी चिकित्सक वा स्वास्थ्यकर्मीको सिफारिस बमोजिम नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

(४) तोकिएका निःशुल्क औषधी, खोप तथा औषधीजन्य सामग्री र औजार उपकरण उपलब्ध गराउन प्रदेश सरकारले सङ्घ तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्नेछ।

(५) अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी सुपथ मूल्यमा औषधीहरुको नियमित उपलब्धता सुनिश्चित गर्नु पर्नेछ । साथै औषधीको बिक्रीवितरण मान्यता प्राप्त स्वास्थ्यकर्मीबाट मात्र गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम उपलब्ध गराइएको निःशुल्क औषधीको विवरण मन्त्रालयले तोकेको निकायमा तोकिए बमोजिम पठाउनु पर्नेछ।

(७) मन्त्रालयले आयुर्वेद औषधीको उत्पादन गरी मातहतका आयुर्वेद स्वास्थ्य संस्थामा वितरण गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(८) मन्त्रालय वा मन्त्रालय अन्तर्गतका निकायले औषधी खरिद, ढुवानी, भण्डारण वा वितरण गर्दा औषधीको म्याद गुज्रन नदिने र गुणस्तरको सुनिश्चितता कायम गर्नु पर्नेछ।

(९) प्रदेश सरकारले औषधी निगरानी, औषधीको उचित प्रयोग र प्रतिजैविक प्रतिरोध न्यूनीकरण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(१०) प्रत्येक सेवाग्राहीलाई प्रष्ट र पूर्ण रुपमा लेखिएको बिरामी पुर्जा उपलब्ध गराउने, पुर्जामा औषधीको नाम लेख्दा अंग्रेजीको ठूलो वर्णमाला वा नेपाली भाषामा स्पष्ट हुने गरी औषधीको रसायनिक नाम (जेनेरीक नाम) लेख्नु पर्नेछ।

(११) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भएतापनि पेटेन्ट र नयाँ औषधीको हकमा ब्राण्ड नाम लेख्न बाधा पर्ने छैन।

(१२) औषधीको मूल्य, फार्मेसी सञ्चालन तथा निःशुल्क औषधी वितरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३७. <u>**जनस्वास्थ्य सरोकारका विषयहरुमा समन्वय, खोजपड्ताल एवं निगरानी गर्नेः**</u> (१) कुनै स्थानमा नयाँ तथा सङ्क्रामक रोग बारे जानकारी प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले तुरुन्त सम्बन्धित निकायमा खबर गरी खोजपड्ताल कार्यमा सहयोग गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले खोपद्वारा नियन्त्रण, निवारण तथा उन्मुलन गर्न सकिने रोग विरुद्ध प्रयोग भइरहेका खोपको पहुँच बढाउने र त्यस्ता रोगको

निगरानीको लागि आवश्यक व्यवस्था गर्नेछ र यस्तो कार्यका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

(३) मन्त्रालयले खाद्य पदार्थको उत्पादन, भण्डारण र वितरणलाई स्वास्थ्य अनुकूल हुने गरी गुणस्तरीय तथा पोषणयुक्त खानाको पहुँच र उपभोग सुनिश्चितताको लागि सम्बन्धित निकायसँग समन्वय गर्न सक्नेछ।

(४) मन्त्रालयले जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तुको विज्ञापन तथा बिक्रीवितरणमा रोक लगाउन सक्नेछ।

(५) मन्त्रालयले जनावरबाट मानिसमा सर्न सक्ने रोग (जुनोटीक रोग) सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कार्य गर्न सक्नेछ।

(६) मन्त्रालयले सवारी दुर्घटना तथा कार्यस्थलमा हुने दुर्घटना कम गर्न सम्बन्धित निकायसँग समन्वय गरी कार्य गर्न सक्नेछ।

(७) मन्त्रालयले जनस्वास्थ्य सरोकारका विषयमा नागरिकलाई निरन्तर स्वास्थ्य शिक्षा, चेतना अभिवृद्धि र सचेतना कार्य सञ्चालन गर्नु पर्नेछ।

(८) मन्त्रालयले नसर्ने रोग विरुद्धमा समुदायमा आधारित रोकथाम तथा नियन्त्रणका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

३८. **कोष स्थापना गर्न सक्ने:** (१) प्रदेश सरकारले गरिब तथा विपन्न, शहिद परिवार, बेपत्ता नागरिकको परिवार, जनआन्दोलनका घाइते, लैङ्गिक हिंसा पीडित, घर ठेगाना पत्ता नलागेको व्यक्ति वा घाइते तथा पीडितलाई उपचार गर्दा लागेको खर्च व्यहोर्न नसकेको अवस्थामा त्यस्तो व्यक्तिलाई उपचार गर्न एवम् प्रदेशका अस्पताल तथा समग्र स्वास्थ्य क्षेत्र सुदृढीकरणका लागि आकस्मिक एवम् स्वास्थ्य क्षेत्र सुदृढीकरण कोष स्थापना गर्न सक्नेछ।

(२) मन्त्रालयले खोप सेवालाई नियमित र प्रभावकारी बनाउन खोप कोषको व्यवस्था गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापना हुने कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनको अधीनमा रही तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ६
## नसर्ने रोग तथा अन्य स्वास्थ्य सेवा

३९. <u>**मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी व्यवस्था**</u>: (१) प्रदेश सरकारले मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी सेवालाई सामान्य स्वास्थ्य सेवासँग एकीकृत रुपमा सञ्चालन गर्ने व्यवस्था गर्नेछ र आवश्यकताको आधारमा मानसिक अस्पताल वा मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र वा पुनर्स्थापना केन्द्र स्थापना गर्न वा कुनै संस्थासँग साझेदारी गरी सञ्चालन गर्न सक्नेछ।

(२) मानसिक स्वास्थ्य प्रवर्द्धन तथा नसर्ने रोग रोकथाम, उपचार, स्क्रिनिङ तथा व्यवस्थापनको लागि प्रदेश सरकारले स्वास्थ्य संस्था, शिक्षण अस्पताल, शैक्षिक संस्था र यस विषयसँग सम्बन्धित सामाजिक विकास संस्थासँग साझेदारी वा सहकार्य गर्न सक्नेछ।

(३) मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. <u>**आँखा तथा मुख स्वास्थ्य सम्बन्धी सेवा**</u>: (१) प्रदेश सरकारले आवश्यकताको आधारमा विभिन्न स्थानमा आँखा तथा मुख स्वास्थ्य सम्बन्धी सेवा सञ्चालन गर्नेछ।

(२) आँखा तथा मुख स्वास्थ्य सम्बन्धी सेवा सार्वजनिक निजी साझेदारीमा समेत प्रदान गर्न सकिनेछ।

४१. <u>**जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य समस्याको व्यवस्थापन**</u>: प्रदेश सरकारले जेरियाट्रिक स्वास्थ्य समस्याको रोकथाम तथा नियन्त्रण कार्यका लागि तोकिए बमोजिमका विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

४२. <u>**आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा**</u>: (१) औषधीजन्य जडिबुटी तथा आयुर्वेद औषधी सम्बन्धी दर्ता, अनुमति र सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ।

(२) आयुर्वेद औषधीजन्य जडिबुटीको संरक्षण, व्यवसायिक उत्पादन, सदुपयोग एवं गुणस्तर नियमन सम्बन्धी कार्य गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

(४) स्वास्थ्य संरक्षण, प्रवर्धन एवं उपचार सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, नियमन, अनुसन्धान एवं प्रयोगसम्बन्धी मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

४३. **स्वास्थ्य प्रयोगशाला सम्बन्धी व्यवस्थाः** प्रचलित कानून बमोजिम प्रदेशको क्षेत्राधिकार भित्रका सरकारी, गैरसरकारी वा निजी स्वास्थ्य प्रयोगशालाको मापदण्ड र गुणस्तर निर्धारण, अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य सम्पादन गर्ने दायित्व मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको हुनेछ।

४४. **सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारः** (१) प्रदेशमा महिलालाई प्रचलित कानून बमोजिम प्राप्त सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकार हुनेछ।

(२) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाहरु जस्तैः परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसुति सेवा तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका सेवा प्रदान गर्दा किशोरकिशोरी तथा अपाङ्गमैत्री र भेदभाव रहित हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका सेवाहरु सरकारी वा सरकारी अनुदान प्राप्त स्वास्थ्य संस्थाले निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(४) मन्त्रालयले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिमको न्यूनतम सेवा मापदण्ड अनुसारको सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(५) प्रजनन स्वास्थ्य अधिकारको उपयोग गर्नबाट वञ्चित तथा लैङ्गिक हिंसाबाट पीडित व्यक्तिहरुको संरक्षण, पुनर्स्थापना तथा आवश्यक सेवाको व्यवस्था गर्न मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी स्थानीय तहको रेखदेखमा संरक्षण गृहको व्यवस्था गर्नेछ।

(६) जोखिममा परेका गर्भवती, सुत्केरी महिलाहरु र नवजात शिशुहरुको हवाई उद्धारका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(७) निःसन्तानपनको रोकथाम र उपचार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) लिङ्ग पहिचान गरी भ्रूणहत्या गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

४५. **शिशु तथा बाल पोषण सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक नवजात शिशुलाई दुई वर्ष उमेर पूरा नभएसम्म आमाको स्तनपान गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आमाको मृत्यु भएको वा स्वास्थ्यको कारणबाट स्तनपान गराउन नसकिने अवस्थामा चिकित्सकको परामर्श बमोजिम वैकल्पिक व्यवस्था गर्न कुनै बाधा पर्ने छैन।

(३) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्रीवितरणलाई नियमित गरी बच्चाको लागि सुरक्षित एवम् पोषण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) बालबालिकाको स्वास्थ्य तथा पोषणमा प्रतिकूल असर पार्ने प्रशोधित खाद्य वस्तुहरु (जङ्क फूड) विद्यालय, बालगृह, स्वास्थ्य संस्था र तोकिएको स्थानको एक सय मिटर वरिपरी विज्ञापन र बिक्री वितरण गर्न पाइनेछैन।

(५) सबै अस्पताल एवं सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुले तोकिएको मापदण्ड बमोजिमको स्तनपान कक्षको व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद – ७

## जनस्वास्थ्यको संरक्षण, प्रवर्द्धन र सुधारका लागि सामाजिक, सांस्कृतिक तथा वातावरणीय निर्धारक

४६. **उपभोग्य वस्तुको गुणस्तरः** (१) खाद्यान्न, मासु, दुध, तरकारी तथा फलफूल र पानी लगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण तथा बिक्रीवितरणलाई गुणस्तरीय र स्वच्छ बनाउन नेपाल सरकारले तोकेको न्यूनतम गुणस्तर मापदण्डको अधीनमा रही प्रदेश सरकारले थप गुणस्तर मापदण्ड तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड पालना गर्नु स्थानीय तह तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्य भए नभएको सम्बन्धमा प्रदेश सरकारले अनुगमन, निरीक्षण र नियमन गर्न सक्नेछ।

(४) उपभोग्य वस्तुको गुणस्तर सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४७. **वातावरणीय स्वास्थ्यः** (१) ध्वनि, वायु, जल, माटो तथा दृश्य प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्नका लागि नेपाल सरकारले तोकेको

मापदण्डको अधीनमा रही प्रदेश सरकारले थप मापदण्ड निर्धारण गरी लागु गर्न सक्नेछ।

(२) माटो विनाश हुनाले खानेकुराको पोषण तत्वमा ह्रास आउन नदिन र खाद्य संकटको प्रभावलाई न्यूनीकरण गर्न मन्त्रालयले स्थानीय तहको समन्वयमा विशेष कार्यक्रम गर्न सक्नेछ।

४८. **सरसफाई तथा फोहोरमैला व्यवस्थापनः** (१) वातावरण प्रदुषण तथा फोहोरमैलाले जनस्वास्थ्यमा पार्ने प्रभावलाई नियन्त्रण गर्न नेपाल सरकारले बनाएको मापदण्डको अधिनमा रही प्रदेश सरकारले आवश्यकता अनुसार थप मापदण्ड तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड बमोजिम जोखिम रहित र जोखिमयुक्त फोहोरलाई छुट्टयाई व्यवस्थापन गर्नु पर्नेछ । आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला व्यवस्थापन गर्नु सम्बन्धित संस्थाकै दायित्व हुनेछ।

४९. **जनस्वास्थ्य मैत्री आवास, सार्वजनिक यातायात र सडक पूर्वाधार तथा सुरक्षाः** (१) आवास क्षेत्रको निर्माण गर्दा स्वास्थ्यमैत्री हुने गरी कानूनले तोकेको मापदण्ड र गुणस्तर कायम गर्नु पर्नेछ।

(२) सडक पूर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी स्वास्थ्य प्रवर्द्धनलाई ध्यानमा राखी निर्माण गर्नु पर्नेछ। नयाँ बन्ने सडक र पुराना सडकहरुको स्तरोन्नति गर्दा प्रचलित कानून बमोजिम तोकिएको स्थानमा फुटपाथ, अपाङ्गमैत्री संरचना र साइकल लेनको प्रबन्ध मिलाउनु पर्नेछ ।

(३) सबै किसिमका यातायात सञ्चालन गर्दा जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी सुरक्षित र वातावरणमैत्री बनाउन प्रदेश सरकारले आवश्यक मापदण्ड तोकी कार्यान्वयन गर्न गराउन सक्नेछ।

५०. **उद्योग र शहरीकरणः** (१) कुनै पनि उद्योग, कलकारखाना, व्यवसाय, आयोजना तथा ठूला संरचना निर्माण गर्नुपूर्व विस्तृत वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ र सो मा जनस्वास्थ्य प्रभाव मूल्याङ्कनलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जनस्वास्थ्य प्रभाव मूल्याङ्कनको मापदण्ड, संयन्त्र र तहगत कार्यक्षेत्र प्रचलित कानून बमोजिम हुनेछ।

(३) कुनै उद्योग, व्यवसाय तथा आयोजनाले उचित प्रकारले फोहोर व्यवस्थापन नगरी वा कुनै प्रकारको विकिरणका कारण जनस्वास्थ्यमा प्रतिकूल असर परेमा सोको कारणले प्रभावित व्यक्तिहरुका लागि स्वास्थ्य उपचार र भौतिक क्षति, पशुपन्छी लगायत अन्य क्षति भएमा सोको उचित क्षतिपूर्तिको व्यवस्था सम्बन्धित उद्योगी, व्यवसायी तथा आयोजनाले गर्नु पर्नेछ।

(४) प्रदेश तथा स्थानीय तहले शहरीकरण तथा बस्ती विकासको क्रममा खेल मैदान, मनोरञ्जन स्थल, पार्क, खुला स्थान, पैदल मार्ग, साइकल लेन तथा अपाङ्गमैत्री पुर्वाधारको व्यवस्था गर्नु पर्नेछ।

(५) स्थानीय तहले पाउने अनुदान निर्धारण गर्दा जनस्वास्थ्यमैत्री सूचकाङ्क विकास गरी सोही सूचकाङ्कलाई आधार मानी गर्नु पर्नेछ।

**५१.** **पेशागत स्वास्थ्य सुरक्षाः** (१) जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको सम्बन्धित रोजगारदाताले प्रचलित कानून बमोजिम अतिरिक्त बीमा गर्नु पर्नेछ र स्वास्थ्य सुरक्षाका लागि प्रचलित कानून बमोजिमका सुरक्षाका उपायहरु अवलम्बन गर्नु पर्नेछ।

(२) आफ्नो संस्थामा काम गर्ने प्रत्येक कामदारको स्वास्थ्य बीमा गर्नु, पहिचान गरिएका विशेष जोखिमयुक्त कार्य गर्ने कर्मचारीको अतिरिक्त जीवन बीमा गर्नु र जोखिम नक्साङ्कन गरी न्यूनीकरणका उपायहरु अवलम्बन गर्नु रोजगारदाताको दायित्व हुनेछ।

(३) जोखिमयुक्त क्षेत्रको कार्यस्थलमा औजार, उपकरण वा अन्य कुनै सामग्री प्रयोगको कारणले कुनै कर्मचारी वा कामदार घाईते वा मृत्यु भएमा वा कुनै स्वास्थ्यकर्मी सेवा प्रदान गर्ने सिलसिलामा गम्भीर सङ्क्रमण वा बिरामी भएमा सम्बन्धित रोजगारदाताले स्वास्थ्य उपचार र उपयुक्त क्षतिपूर्तिको व्यवस्था मिलाउनु पर्नेछ।

(४) जोखिमयुक्त क्षेत्रको कार्यस्थलमा काम गर्ने कर्मचारी, स्वास्थ्यकर्मी वा कामदारलाई सम्बन्धित रोजगारदाताले जोखिम नक्साङ्कन तथा विश्लेषणको आधारमा नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिमको जोखिम भत्ता उपलब्ध गराउनु पर्नेछ।

(५) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी एवम् कर्मचारीको पेशागत सेवाको सिलसिलामा हुन सक्ने जोखिम वा दायित्व वहन गर्ने प्रयोजनका लागि पेशागत सुरक्षा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने विज्ञापन तथा प्रचार प्रसारः** (१) मदिरा, चुरोट, सुर्ती तथा सूर्तीजन्य पदार्थ, ट्रान्सफ्याटयुक्त प्रशोधित आहार एवं चिनीयुक्त पेय पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि सामग्रीको विज्ञापन उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाइने छैन।

(२) शारीरिक तथा मानसिक स्वास्थ्यलाई असर गर्ने कुनै सामग्री तथा सेवातर्फ आकर्षित गर्ने गरी गलत तथा भ्रामक सूचना राखी विज्ञापनको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाइने छैन।

५३. **सार्वजनिक शौचालय व्यवस्थापनः** (१) प्रदेशमा निर्माण हुने सार्वजनिक शौचालयको मापदण्ड तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड पालना भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गरी आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

५४. **सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन सम्बन्धी व्यवस्थाः** (१) तोकिएको स्थानबाट मात्रै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाइनेछ।

(२) सुर्ती, मदिरा र लागूपदार्थजन्य वस्तुको बिक्रीवितरण र प्रयोगमा नियन्त्रण गर्न प्रदेश सरकारले निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, स्वास्थ्य संस्था एवम् सरकारी कार्यालयको एक सय मिटरभित्र सुर्ती र मदिराजन्य पदार्थको बिक्रीवितरण तथा सेवन निषेध गरिएको छ।

(३) खाद्य पदार्थसँगै सुर्ती, सुर्तीजन्य तथा मदिराजन्य पदार्थ बिक्रीवितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

५५. **जनस्वास्थ्यलाई प्रभावित पार्ने सामाजिक, सांस्कृतिक अन्धविश्वासः** (१) अन्धविश्वासको आधारमा कसैको शारीरिक तथा मानसिक स्वास्थ्यलाई असर गर्ने कुनै प्रकारका भ्रम सिर्जना गर्न, प्रलोभनमा पारी स्वास्थ्य सेवा प्रवाह गर्न पाइने छैन।

(२) जनस्वास्थ्यलाई प्रतिकूल प्रभाव पार्ने सामाजिक, सांस्कृतिक अन्धविश्वास नियन्त्रणका लागि प्रदेश तथा स्थानीय तहले समन्वयमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

५६. **लक्षित समूहहरुका लागि विशेष सामाजिक सुरक्षा तथा कार्यक्रमहरुः** (१) महिला, जेष्ठ नागरिक, बालबालिका, किशोरकिशोरी, शहीद परिवार, बेपत्ता नागरिकको परिवार, दलित तथा नेपाल सरकारले तोकेका अन्य लक्षित समूहहरुका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी विशेष सामाजिक सुरक्षा कार्यक्रमहरु कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लक्षित समूहहरुका लागि दिइने स्वास्थ्य सेवा, सुविधा तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ८

## समिति सम्बन्धी व्यवस्था

५७. **प्रदेश जनस्वास्थ्य निर्देशक समितिः** (१) प्रदेशमा मानव स्वास्थ्यको प्रभाव पार्ने विविध सामाजिक निर्धारक तत्वलाई सम्बोधन गर्न, स्वास्थ्य सेवालाई विकासको मूल प्रवाहमा ल्याउन, स्वास्थ्य प्रणाली र सेवा प्रवाहमा नीतिगत कार्यदिशा प्रदान गर्न प्रदेश जनस्वास्थ्य निर्देशक समितिको गठन गरिनेछ ।

(२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (स्वास्थ्य सम्बन्धी विषय हेर्ने) - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, प्रदेश सरकारको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) सचिव, मन्त्रालय - सदस्य

(च) सचिव, प्रदेश सरकारको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(छ) सचिव, प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ज) सचिव, प्रदेश सरकारको खानेपानी तथा सरसफाई सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(झ) सचिव, प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ञ) जनस्वास्थ्य विज्ञहरु मध्येबाट अध्यक्षबाट मनोनित एक जना - सदस्य

(ट) आधुनिक चिकित्सा (एलोपेथी), आयुर्वेद चिकित्सा वा होमीयोप्याथी चिकित्सा, नर्सिङ, फार्मेसी लगायत अन्य चिकित्सा पद्धतिसँग सम्बन्धित स्वास्थ्य विज्ञहरु मध्येबाट फरक विषय/क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्यक्षबाट मनोनित कम्तिमा एकजना महिला सहित तीन जना -सदस्य

(ठ) एशोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल(अफिन) वा निजी स्वास्थ्य संस्थाका सञ्चालकहरुको संस्थाको अध्यक्ष एक जना -सदस्य

(ड) समितिले मनोनित गरेको स्वास्थ्य प्रयोगशाला विज्ञ एक जना - सदस्य

(ढ) उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्थाका पदाधिकारीहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एकजना - सदस्य

(ण) गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ, गण्डकी प्रदशको अध्यक्ष एक/एक जना गरी दुई जना -सदस्य

(त) प्रदेशमा कार्यक्षेत्र रहेका स्वास्थ्य क्षेत्रका विकास साझेदार संस्थाबाट अध्यक्षले मनोनित गरेको एक जना - सदस्य

(थ) मन्त्रालयले तोकेको अतिरिक्त प्रदेश सचिव वा एघारौं तहको स्वास्थ्य सेवाको कर्मचारी

-सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ञ), (ट), (ठ), (ड), (ढ), र (त) बमोजिम मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) निर्देशक समितिले आवश्यकता अनुसार अन्य विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) निर्देशक समितिको बैठक वर्षमा कम्तिमा दुई पटक बस्नेछ।

(६) निर्देशक समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५८. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेशको स्वास्थ्य सम्बन्धी नीति र योजना निर्माण गर्न मार्ग निर्देशन दिने,

(ख) स्वास्थ्यजन्य विपद् एवं नसर्ने रोगको रोकथाम तथा नियन्त्रण र व्यवस्थापन, एक स्वास्थ्य नीति एवम् सबै नीतिमा स्वास्थ्य अवधारणाको कार्यान्वयन, पोषण, पेशागत एवं वातावरणीय स्वास्थ्य, स्वास्थ्य पर्यटन, प्रतिजैविक प्रतिरोधको न्यूनीकरण लगायतका विषयमा प्रदेशभित्र अन्तर निकाय समन्वय गर्ने गराउने,

(ग) स्वास्थ्य सेवाको क्षेत्रमा समतामूलक वितरणको आधारमा बहुक्षेत्रीय लक्ष्य एवम् प्राथमिकता निर्धारण गरी आवधिक स्वास्थ्य रणनीति निर्माण गर्न मन्त्रालयलाई मार्गदर्शन गर्ने,

(घ) जनस्वास्थ्यसँग सम्बन्धित योजना कार्यान्वयन गर्न आवश्यक सहकार्य, समन्वय तथा अनुगमन गर्ने गराउने,

(ङ) प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक र भौगोलिक विशिष्टतालाई ध्यानमा राखी स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन समन्वय गर्ने,

(च) स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति, रणनीति र प्रतिबद्धतालाई प्रादेशीकरण गरी लागु गर्न सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने,

(छ) स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सामाजिक र भौतिक सुरक्षा गर्न बहुपक्षीय रणनीति निर्माण गर्न मन्त्रालयलाई आवश्यक सुझाव सल्लाह दिने,

(ज) स्वास्थ्य नीति अनुसार स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश सरकारका अन्य निकाय, स्थानीय तह, सामुदायिक तथा निजी संस्थाको संस्थागत विकासका लागि नीतिगत सुझाव र मार्गदर्शन उपलब्ध गराउने,

(झ) स्वास्थ्य सेवासँग सम्बन्धित विषयमा अनुसन्धान गर्न गराउन आवश्यक सहजीकरण गर्ने,

(ञ) प्रदेश सरकारले तोके बमोजिम अन्य कार्य गर्ने।

(२) समितिले आवश्यकता अनुसार उप समिति वा कार्यदल गठन गर्न सक्नेछ।

## परिच्छेद – ९

## सङ्क्रामक रोगको रोकथाम तथा उपचार सम्बन्धी व्यवस्था

५९. **सङ्क्रामक रोगको सूचना दिनुपर्नेः** (१) प्रदेशमा नेपाल सरकार एवम् प्रदेश सरकारले प्रकाशन गरेको सूचीका आधारमा सङ्क्रामक रोगहरुको पहिचान तथा खोजपड्ताल गरिनेछ।

(२) कुनै स्थानमा उच्च जोखिमयुक्त सङ्क्रामक रोग देखिएमा सोको सूचना स्वास्थ्य संस्था वा जनस्वास्थ्य अधिकारी वा मन्त्रालयलाई दिनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

(३) सूचीकृत गरिएका सङ्क्रामक रोगको बिरामी पहिचान भएमा सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले तोकिएको मापदण्ड बमोजिम सम्बन्धित निकायमा तोकिएको अवधिभित्र सूचना सम्प्रेषण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सूचनाको आधारमा मन्त्रालयसँग आवश्यक सहयोग लिई समयमै थप अध्ययन र व्यवस्थापन गर्ने जिम्मेवारी तोकिए बमोजिम स्थानीय तहको हुनेछ।

६०. **सङ्क्रामक रोगको रोकथाम गर्न आदेश जारी गर्न सक्ने:** (१) प्रदेशभर वा प्रदेशको कुनै भागमा कुनै सङ्क्रामक रोग उब्जेको वा फैलिएमा वा फैलिने प्रबल सम्भावना देखिएमा प्रदेश सरकारले सङ्क्रामक रोगको रोकथाम गर्न आवश्यक कार्य गर्न सक्नेछ र सर्वसाधारण जनता वा व्यक्तिको समूह उपर लागु हुने गरी देहायका आदेश जारी गर्न सक्नेछः-

(क) अत्यावश्यक सेवामा प्रतिकूल असर नपर्ने गरी पैदल वा सवारी साधनबाट यात्रा गर्ने यात्रुको चेकजाँच, जाँचबुझ तथा यात्रामा रोक लगाउने,

(ख) शंकास्पद सङ्क्रमित छुट्टै स्थानमा राख्ने,

(ग) सङ्क्रामक रोगको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्ने,

(घ) अस्थायी रुपमा कुनै पनि बस्ती खाली गर्ने,

(ङ) भ्रमणमा प्रतिबन्ध लगाउने,

(च) सबै वा कुनै व्यक्तिहरूको समूह उपर लागु हुने गरी आवश्यक आदेश जारी गर्ने,

(छ) आवश्यक थप जनशक्ति परिचालन गर्ने,

(ज) सरकारी तथा निजी स्वास्थ्य संस्थामा औषधी तथा औषधीजन्य सामग्रीहरुको अतिरिक्त भण्डारणको व्यवस्था गर्ने,

(झ) द्रुत प्रतिकार्य टोली तथा आकस्मिक चिकित्सकीय टोली परिचालन गर्ने ।

(२) उपदफा (१) बमोजिमको घोषणा गर्नुपूर्व नेपाल सरकारले प्रदेशमा समेत लागु हुने गरी घोषणा गरेको भएमा प्रदेश सरकारले नेपाल सरकारले गरेको घोषणालाई कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम घोषणा भएमा प्रदेश सरकारले सो सङ्क्रामक रोग निर्मुल गर्न वा रोकथाम गर्न आवश्यक आदेश जारी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम सङ्क्रामक रोग नियन्त्रण तथा रोकथामका लागि प्रदेश सरकारको कुनै पदाधिकारीलाई मुकरर गरी तोकिएको अधिकार सुम्पन सक्नेछ।

(५) यस दफा बमोजिम प्रदेश सरकारले आदेश जारी गरेको जानकारी नेपाल सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ।

६१. **सङ्क्रामक रोगको उपचारः** (१) स्वास्थ्य संस्थाले सङ्क्रामक रोग लागेका बिरामीको उपचारको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(२) कुनै व्यक्ति सङ्क्रामक रोगबाट प्रभावित भएको पाइएमा निजको उपचार व्यवस्थापन सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले तत्कालै गर्नु पर्नेछ।

(३) सङ्क्रामक रोगको उपचार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. **सङ्क्रामक रोग सम्बन्धी आदेश पालना गर्नुपर्नेः** प्रदेश सरकारले सङ्क्रामक रोग रोकथाम तथा नियन्त्रण सम्बन्धमा जारी गरेका आदेशको पालना गर्नु र त्यस्तो अभियानमा सहभागी हुनु सबै नागरिकको कर्तव्य हुनेछ।

## परिच्छेद – १०

## आपत्कालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन

६३. **जनस्वास्थ्य आपत्काल घोषणा गर्न सक्नेः** एक भन्दा बढी स्थानीय तह वा जनस्वास्थ्यमा प्रत्यक्ष असर पर्ने कुनै विपद् हुन गएमा प्रदेश सरकारले तोकिए बमोजिम जनस्वास्थ्य आपत्काल घोषणा गर्न सक्नेछ।

६४. **आदेश जारी गर्न सक्नेः** (१) दफा ६३ बमोजिम जनस्वास्थ्य आपत्काल घोषणा गरेको अवस्थामा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी देहायका आदेश जारी गर्न सक्नेछः-

(क) अत्यावश्यक सेवालाई प्रतिकूल असर नपर्ने गरी प्रदेशभर वा कुनै स्थान तोकी पैदल वा जुनसुकै सवारी साधन चलाउन रोक लगाउन,

(ख) नेपाल सरकारसँग समन्वय गरी अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवागमनमा रोक लगाउन,

(ग) सरकारी, सार्वजनिक, निजी, सहकारी, सामुदायिक वा गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्था सञ्चालनमा रोक लगाउन,

(घ) सभा, सम्मेलन, जुलुस, मेला, महोत्सव, जात्रा जस्ता भीडभाड हुने क्रियाकलापमा रोक लगाउन,

(ङ) हाट बजार, सपिङ मल, डिपार्टमेण्टल स्टोर, पसल तथा बजार सञ्चालनमा रोक लगाउन,

(च) धार्मिक अनुष्ठान, धार्मिक स्थलमा हुने क्रियाकलापमा रोक लगाउन,

(छ) मानिस वा सवारी साधनको आवागमन हुने वा भीडभाड हुने अन्य क्रियाकलापमा रोक लगाउन,

(ज) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, रेष्टुरेण्ट, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिमखाना, स्वीमिङ पुल, फुटसल, खेलकुद जस्ता प्रकृतिका कार्यहरुमा रोक लगाउन वा सुरक्षित तरिकाले सञ्चालन गर्न,

(झ) स्वास्थ्य संस्थालाई सङ्क्रमितको निदान र उपचार गर्न लगाउने,

(ञ) आवश्यकता अनुसार स्वास्थ्य संस्था नियन्त्रणमा लिई सञ्चालन गर्ने वा गराउने,

(ट) जुनसुकै स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मीलाई रोगको निदान र उपचारको काममा लगाउने,

(ठ) प्रचलित कानून बमोजिम स्थापित शिक्षण संस्था, प्रतिष्ठान, बोर्ड, संस्थान, सरकारी स्वामित्वका कम्पनी वा अन्य सार्वजनिक संस्था वा निकायमा कार्यरत जनशक्ति, सवारी साधन, भवन, संरचना वा अन्य भौतिक साधनको आपत्कालमा रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारमा लगाउने,

(ड) आवश्यकता अनुसार सरकारी, सार्वजनिक, निजी, सहकारी, सामुदायिक वा गैरसरकारी स्वामित्वमा रहेको जग्गा, भवन, संरचना र सवारी साधनको अभिलेख राखी प्रयोग गर्ने,

(ढ) सरकारी, सार्वजनिक, निजी, सहकारी, सामुदायिक वा गैरसरकारी संस्थाबाट उत्पादन वितरण वा बिक्री गर्ने औषधी, स्वास्थ्य सामग्री तथा उपकरण नियन्त्रणमा लिई प्रयोग र वितरणको व्यवस्था गर्ने वा गराउने,

(ण) आपत्कालमा रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि आवश्यक अन्य काम गर्ने ।

(२) उपदफा (१) बमोजिमको आदेश देहायको अवस्थामा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी हटाउन सक्नेछः-

(क) आपत्काल घोषणा गरिएको रोगको दर घटेमा,

(ख) स्वास्थ्य संस्थामा पचास प्रतिशतभन्दा बढी शैय्या खाली हुन आएमा,

(ग) महामारी रोगको नयाँ स्वरुप नदेखिएमा, वा

(घ) अन्य जोखिमको विश्लेषणको आधारमा त्यस्तो जारी आदेश कायम राख्न आवश्यक नदेखिएमा ।

६५. <u>हब (मुख्य सम्पर्क अस्पताल) तथा स्याटलाईट अस्पताल घोषणा गर्न सक्नेः</u> (१) आपत्कालीन अवस्थामा रोकथाम, नियन्त्रण तथा उपचारको लागि मन्त्रालयले स्वास्थ्य संस्थालाई विशेष जिम्मेवारी प्रदान गर्न एवम् कुनै सरकारी अस्पताललाई

आपत्कालीन स्वास्थ्य सेवा प्रवाह गर्न सक्ने गरी हब अस्पतालको घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित अस्पतालको लागि आवश्यक पर्ने तोकिए बमोजिम द्रुत प्रतिकार्य टोली, चिकित्सकीय समूह, जनशक्ति र स्वास्थ्य सामग्री तथा औषधी लगायतका सम्पूर्ण व्यवस्थापन मन्त्रालयले गर्नेछ।

(३) यस दफा बमोजिम घोषणा गरिएको अस्पतालले सङ्घीय तथा स्थानीय तहका अन्य अस्पतालसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम घोषणा गरिएको अस्पतालले प्रदान गर्ने सेवा तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(५) मन्त्रालयले कुनै अस्पताललाई तोकिएको हब अस्पतालको स्याटलाईट अस्पतालको रुपमा सूचीकृत गर्न सक्नेछ।

६६. **प्रदेश आपत्कालीन स्वास्थ्य व्यवस्थापन समितिः** (१) प्रदेशमा आपत्कालीन अवस्थाको घोषणा, सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी कामलाई सहज, छिटोछरितो र प्रभावकारी बनाउन, अन्य स्वास्थ्य सेवा सम्बन्धमा प्रदेश सरकारलाई नीतिगत सुझाव दिन देहायको एक प्रदेश आपत्कालीन स्वास्थ्य व्यवस्थापन समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा सञ्चार महाशाखा हेर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य

(ङ) सचिव, मन्त्रालय - सदस्य

(च) स्वास्थ्य विज्ञहरुमध्येबाट अध्यक्षले मनोनित गरेको एक जना महिला - सदस्य

(छ) एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन) वा निजी स्वास्थ्य संस्थाका सञ्चालकहरुको संस्थाको अध्यक्ष -सदस्य

(ज) प्रमुख, प्रादेशिक रोग नियन्त्रण -सदस्य

(झ) प्रदेश स्थित सङ्घीय अस्पतालका प्रमुखहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको एक जना -सदस्य

(ञ) प्रमुख, प्रादेशिक स्वास्थ्य आपत्कालीन, सूचना तथा सञ्चार केन्द्र -सदस्य

(ट) उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संघ संस्थाका पदाधिकारी मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(ठ) प्रमुख, मन्त्रालयको चिकित्सा हेर्ने महाशाखा -सदस्य

(ड) मन्त्रालयले तोकेको अतिरिक्त प्रदेश सचिव वा एघारौं तहको स्वास्थ्य सेवाको कर्मचारी -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (१) को खण्ड (च), (छ), (झ) र (ट) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

६७. <u>**प्रदेश आपत्कालीन स्वास्थ्य व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**</u> (१) प्रदेश आपत्कालीन स्वास्थ्य व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने,

(ख) आपत्कालीन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने,

(ग) नेपाल सरकारबाट जारी भएका मापदण्डको कार्यान्वयन गर्ने वा गराउने,

(घ) नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने र सूचना आदानप्रदान गर्ने,

(ङ) प्रदेशभित्र हब तथा स्याटलाईट घोषणा गरेको अस्पताल तथा अन्य अस्पताललाई स्रोत साधन तथा जनशक्ति उपलब्ध गराई प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(च) अन्य तोकिए बमोजिमका कार्य गर्ने ।

६८. **विभागीय सजाय हुने:** जनस्वास्थ्य आपत्कालमा घोषणा गरेको अवस्थामा सो आदेशको पालना नगर्ने, जिम्मेवारीबाट पन्छिने, काममा ढिलासुस्ती गर्ने, आफ्नो पदीय दायित्व समयमा निर्वाह नगर्ने कर्मचारीलाई जिम्मेवारीबाट तत्काल मुक्त गरी प्रचलित कानून बमोजिम सजाय हुनेछ। साथै माथि उल्लेख गरिए बमोजिम नगर्ने निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरुलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

६९. **खरिद सम्बन्धी विशेष प्रक्रिया:** (१) खरिद सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्दा जनस्वास्थ्य आपत्कालको रोकथाम, नियन्त्रण, निदान र उपचारमा बाधा पर्ने वा मानिसको जीउ ज्यान जोखिममा पर्ने देखिएमा तत्काल आवश्यक पर्ने औषधी, स्वास्थ्य सामग्री, उपकरण उत्पादक, वितरक, आधिकारिक बिक्रेतासँग सोझै खरिद गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम खरिद गर्ने सामग्री मुलुकभित्र पर्याप्त मात्रामा उपलब्ध हुन नसक्ने भएमा नेपाल सरकारमार्फत विदेशस्थित नेपाली कुटनीतिक नियोगमार्फत सोझै खरिद गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सोझै खरिद गर्ने सामग्रीको स्पेसिफिकेशन र दररेट मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम खरिद गर्दा प्रदेश सरकारले आवश्यकता अनुसार जमानत बिना अग्रिम भुक्तानी गर्न वा कार्यसम्पादन जमानत छुट दिन सक्नेछ।

(५) खरिद सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम खरिद गरिने प्रक्रियालाई छिटो सम्पन्न गर्नका लागि सम्बन्धित सार्वजनिक निकायको प्रमुखले प्रचलित कानूनमा खरिद प्रक्रियाका सम्बन्धमा समयावधि कम गर्न सक्नेछ।

(६) यस दफा बमोजिम खरिद कार्य गर्दा खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको खरिद गुरुयोजना वा बार्षिक खरिद योजना बनाउन आवश्यक पर्ने छैन।

७०. **अनुगमनः** (१) जनस्वास्थ्य आपत्काल अवधिमा हुनसक्ने औषधी तथा स्वास्थ्यजन्य सामग्रीको कालोबजारी नियन्त्रण गर्न अनुगमन गर्दा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी जुनसुकै स्थानमा प्रवेश गर्न र जाँच गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा कृत्रिम अभाव सिर्जना गरी आवश्यकता भन्दा बढी सामान राखेको, अवधि समाप्त भएको औषधी वा सामान राखेको वा बिक्रीवितरण गरेको वा निर्धारित मूल्य भन्दा बढी मूल्यमा औषधी वा सामान बिक्री गरेको पाइएमा त्यस्तो औषधी वा सामान जफत गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

७१. **करारमा नियुक्ति गर्न सक्नेः** मन्त्रालयले जनस्वास्थ्य आपत्काल अवधिमा रोगको रोकथाम, नियन्त्रण, उपचार तथा अन्य स्वास्थ्य सेवाको व्यवस्थापनका लागि थप जनशक्ति आवश्यक परेमा सम्बन्धित विषयको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट अन्तर्वार्ता लिई वा अन्य संक्षिप्त प्रक्रिया अवलम्बन गरी करारमा नियुक्त गर्न सक्नेछ।

७२. **स्वयम्सेवक खटाउन सकिनेः** मन्त्रालयले जनस्वास्थ्य आपत्कालमा मौजुदा सरकारी जनशक्तिले नपुग भई रोगको नियन्त्रण, रोकथाम तथा उपचारको लागि थप जनशक्ति आवश्यक पर्ने देखिएमा तोकिएको प्रक्रिया र मापदण्ड बनाई आवश्यक स्वयम्सेवक खटाउन सक्नेछ।

७३. **थप जनशक्ति परिचालन गर्न सक्नेः** मन्त्रालयले कुनै निजी, सामुदायिक, सहकारी स्वास्थ्य वा शिक्षण संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जनस्वास्थ्य आपत्कालमा तोकिए बमोजिमका स्वास्थ्य सेवा प्रदान गर्न सरकारी स्वास्थ्य संस्थामा खटाउन सक्नेछ।

७४. **विज्ञको सहयोग लिन सक्नेः** मन्त्रालयले जनस्वास्थ्य आपतकालमा रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी काम र जोखिम विश्लेषणका लागि सम्बन्धित विज्ञको सुझाव र सहयोग लिन सक्नेछ।

७५. **जनस्वास्थ्य आपतकाल व्यवस्थापन कोषः** (१) जनस्वास्थ्य आपत्कालीन अवधिमा महामारी तथा सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रदेश

सरकारले एउटा छुट्टै जनस्वास्थ्य आपत्काल व्यवस्थापन कोष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहने छन् :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम,

(ग) कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(घ) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रदेश सरकारमार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको रकम जनस्वास्थ्य आपत्कालमा महामारी रोगको रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी कामका लागि मात्र प्रयोग गरिनेछ र नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन।

(५) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ११

## विद्युतीय स्वास्थ्य सूचना प्रणाली सम्बन्धी व्यवस्था

७६. **सूचना व्यवस्थापनः** (१) स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउनु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख मन्त्रालयले तोकेको निकायमा पठाउनु पर्नेछ।

(३) विद्युतीय स्वास्थ्य प्रविधिको प्रयोगका लागि स्वास्थ्य क्षेत्रमा विद्यमान एवम् भविष्यमा अवलम्बन गर्न सकिने नवप्रवर्तनकारी प्रविधि तथा प्रक्रियालाई वैधता र आधिकारीकता प्रदान गर्न, प्रभावकारी रुपमा सञ्चालन,

व्यवस्थापन तथा नियमन गर्न साथै तथ्याङ्कको गोपनीयता, सञ्चय र उचित प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) प्रदेश सरकारले स्वास्थ्य सम्बन्धी एकीकृत स्वास्थ्य सूचना व्यवस्थापनको लागि तोकिए बमोजिमको मापदण्ड अनुरुपको प्रणाली विकास गर्नेछ।

७७. <u>विद्युतीय स्वास्थ्य सेवा व्यवस्थापनः</u> (१) प्रदेशमा देहायका विद्युतीय स्वास्थ्य प्रणालीहरु रहनेछन्ः-

(क) विद्युतीय स्वास्थ्य अभिलेख,

(ख) परिवार स्वास्थ्य प्रोफाईल,

(ग) विद्युतीय स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली,

(घ) गर्भवती दर्ता प्रणाली,

(ङ) मन्त्रालयले स्वीकृत गरेका अन्य प्रणालीहरु।

(२) उपदफा (१) अनुसार सञ्चालनमा रहने विद्युतीय स्वास्थ्य प्रणालीहरु एक-आपसमा अन्तरसञ्चालन हुनु पर्नेछ।

<u>स्पष्टीकरणः</u> "अन्तरसञ्चालन" भन्नाले स्वास्थ्य संस्था भित्रका विभिन्न विभाग र एक स्वास्थ्य संस्थाको अर्को स्वास्थ्य संस्था बीचमा विद्युतीय अभिलेख आवश्यकता अनुसार सहजै आदान प्रदान हुने कार्यलाई सम्झनु पर्छ। सो शब्दले एक विद्युतीय स्वास्थ्य प्रणाली र अन्य विद्युतीय स्वास्थ्य प्रणाली बीचमा सहजै अभिलेख विनिमय हुने अवस्थालाई समेत जनाउँदछ।

(३) उपदफा (१) अनुसारका प्रणालीहरु सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७८. <u>डिजिटल स्वास्थ्य सेवाः</u> (१) प्रदेशले सूचना प्रविधिको प्रयोग गरी दुर-चिकित्सा, दुर-परामर्श र अन्य विद्युतीय स्वास्थ्य सेवा मार्फत भर्चुअल स्वास्थ्य सेवा प्रवाह गर्न सक्नेछ।

(२) कुनै पनि व्यक्ति वा संस्थाले प्रदेश भित्र विद्युतीय स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा अनिवार्य रूपमा तोकिएको प्रक्रिया र शर्तहरू पूरा गरी दर्ता हुनु पर्नेछ।

(३) उपदफा (२) अनुसार दर्ता भई सञ्चालन भएका विद्युतीय स्वास्थ्य प्रणाली सञ्चालक वा प्राविधिक साझेदारले कुनै कारणवश सेवा

निरन्तरता दिन नसक्ने भएमा उक्त अवधिसम्म विकास तथा सञ्चालन गरेका सफ्टवेयरको सम्पूर्ण सूचना, पहुँच सम्बन्धी अधिकारपत्र तथा अन्य विवरण मन्त्रालय वा तोकिएको निकायमा पेश गर्नु पर्नेछ।

७९. <u>**विद्युतीय स्वास्थ्य सफ्टवेयरको मापदण्ड तथा स्वीकृतिः**</u> (१) विद्युतीय स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न कुनै पनि विद्युतीय स्वास्थ्य सफ्टवेयरले तोकिएका न्यूनतम प्राविधिक मापदण्ड, सुरक्षा मापदण्ड र प्रयोगकर्तामैत्री मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मापदण्ड पूरा गरेका विद्युतीय स्वास्थ्य सफ्टवेयरहरु तोकिएको निकायबाट प्रमाणीकरण गर्नु पर्नेछ।

(३) मन्त्रालय वा तोकिएको निकायले विद्युतीय स्वास्थ्य प्रणालीको उपयोगिता, सुरक्षा, गोपनीयता, र प्रभावकारिता मूल्याङ्कन गर्न तोकिएको प्रक्रिया र मापदण्डको पालना सम्बन्धमा निम्न विषयहरु समावेश गरी अडिट गर्नुपर्छः-

(क) प्राविधिक उपकरण र प्राविधिक विशेषज्ञहरू सहितको अडिटको योजना,

(ख) डिजिटल स्वास्थ्य प्रणालीमा सङ्कलित तथ्याङ्क सुरक्षा मापदण्डहरूको परिपालन,

(ग) तथ्याङ्क एनक्रिप्शन, पहुँच नियन्त्रण र तथ्याङ्क संग्रहण नीतिहरूको परीक्षण,

(घ) गोपनीयता र डाटा साझेदारी नीतिहरूको निरीक्षण,

(ङ) प्रणालीको सुरक्षा प्रणालीहरू, फायरवाल, एन्टीभाइरस र अनधिकृत पहुँच नियन्त्रणहरूको परीक्षण,

(च) प्रणालीको कार्यप्रणालीको मूल्याङ्कन र यसको प्रभावकारिता मापन,

(छ) प्रयोगकर्ता सन्तुष्टि र प्रतिक्रिया, प्रणाली सुधारका लागि सिफारिसहरू समेत समावेश गरी अडिटको निष्कर्ष र विस्तृत प्रतिवेदन,

(ज) अडिटको निष्कर्षको आधारमा सुधारात्मक कदमहरूको अनुगमन तथा आवश्यकता अनुसार पुनः अडिटको योजना र कार्यान्वयन।

८०. **<u>विद्युतीय स्वास्थ्य कार्यान्वयन इकाई गठनः</u>** (१) प्रदेशमा विद्युतीय स्वास्थ्य प्रणालीहरुको सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको विद्युतीय स्वास्थ्य कार्यान्वयन इकाई गठन हुनेछः-

(क) मन्त्रालयले तोकेको अतिरिक्त प्रदेश सचिव वा एघारौं तहको स्वास्थ्य सेवाको कर्मचारी -संयोजक

(ख) प्रमुख, प्रादेशिक जनस्वास्थ्य केन्द्र -सदस्य

(ग) प्रमुख, प्रदेश स्वास्थ्य आपत्कालीन सूचना तथा सञ्चार केन्द्र, -सदस्य

(घ) महाशाखा प्रमुख, नीति योजना तथा जनस्वास्थ्य, मन्त्रालय -सदस्य

(ङ) प्रदेश मातहतका अस्पतालमा कार्यरत मेडिकल सुपरिटेन्डेन्ट मध्येबाट संयोजकले मनोनयन गरेको एक जना -सदस्य

(च) डिजिटल हेल्थमा काम गर्ने सहयोगी संस्थाको एक जना प्रतिनिधि -सदस्य

(छ) प्रमुख, चिकित्सा सेवा हेर्ने महाशाखा, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित इकाईको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

(क) डिजिटल स्वास्थ्य प्रविधिहरूको प्रभावकारी प्रयोगका लागि नीति, रणनीति र निर्देशिकाहरू विकास गर्ने र कार्यान्वयन गर्ने,

(ख) गण्डकी प्रदेशमा डिजिटल स्वास्थ्य सम्बन्धमा समन्वय, नियमन र पर्यवेक्षण गर्ने,

(ग) स्वास्थ्य सेवा वितरण सुधार गर्न डिजिटल स्वास्थ्य प्रविधिहरूको प्रयोग प्रवर्द्धन गर्ने र सहजिकरण गर्ने,

(घ) डिजिटल स्वास्थ्य प्रविधिहरूको अंगीकरण र प्रयोगमा स्वास्थ्य सेवा प्रदायकहरू, र अन्य सरोकारवालाहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने,

(ङ) डिजिटल स्वास्थ्य प्रणालीहरूको अन्तरसञ्चालन, डाटा विनिमय र डाटा सुरक्षाका लागि मापदण्डहरू र कार्यविधि विकास गर्न प्राविधिक सहयोग गर्ने र कार्यान्वयन गर्ने,

(च) स्वास्थ्य सेवा प्रदायकहरू र अन्य सरोकारवालाहरूको लागि डिजिटल स्वास्थ्यमा क्षमता निर्माण र तालिम प्रवर्द्धन गर्ने,

(छ) डिजिटल स्वास्थ्य प्रविधिहरूमा अनुसन्धान र नवप्रवर्तन गर्ने,

(ज) डिजिटल स्वास्थ्य पहलकदमीहरूको कार्यान्वयनका लागि स्रोतहरू जुटाउने, र

(झ) यस ऐन तथा प्रचलित कानूनले दिएको अन्य कार्यहरू गर्ने।

(३) इकाईले आवश्यकता अनुसार स्वास्थ्य, सूचना प्रविधि र कानून लगायत अन्य विषय विज्ञहरुलाई आमन्त्रित सदस्यको रुपमा समावेश गर्न सक्नेछ।

८१. <u>**स्वास्थ्य तथ्याङ्क प्रशासन तथा व्यवस्थापनः**</u> (१) विद्युतीय स्वास्थ्य प्रणाली प्रयोगकर्तालाई आफ्नो भूमिकामा आधारित पहुँच नियन्त्रण (Role based access control) हुनेछ।

(२) मन्त्रालयले स्वास्थ्य तथ्याङ्कहरूलाई निम्न कोटीहरूमा वर्गीकृत गरी व्यवस्थापन गर्न सक्नेछः-

(क) संवेदनशील व्यक्तिगत स्वास्थ्य तथ्याङ्क,

(ख) बेनामी तथ्याङ्क,

(ग) स्वास्थ्य तथ्याङ्क,

(घ) प्रशासनिक तथ्याङ्क,

(ङ) समग्र स्वास्थ्य तथ्याङ्क,

(च) चिकित्सा उपकरण तथ्याङ्क, र

(छ) स्वास्थ्य अनुसन्धानको लागि तथ्याङ्क।

(३) उपदफा (२) अनुसारका तथ्याङ्कलाई मन्त्रालयले आवश्यक कार्यविधि बनाई व्यवस्थित गरी कानून अनुसार उपयोग गर्न सक्नेछ।

(४) विद्युतीय स्वास्थ्य प्रणालीमा सेवाग्राहीहरूको गोपनीयता र तथ्याङ्कको उचित प्रयोग र व्यवस्थापनको लागि मन्त्रालयले आवश्यक मापदण्ड बनाई कार्य गर्न सक्नेछ।

(५) उपदफा (४) मा उल्लिखित मापदण्डमा तोकिएको शर्तहरु पूरा गरी असल प्रयोजनको लागि प्रचलित कानूनको अधीनमा रही तथ्याङ्कको खुलासा गर्न सकिनेछ।

८२. **सेवाग्राही पोर्टल**ः (१) विद्युतीय स्वास्थ्य सेवा प्रदायकद्वारा सेवाग्राहीलाई स्वास्थ्य तथ्याङ्क पहुँच, व्यवस्थापन र सेवासम्बन्धी जानकारी उपलब्ध गराउन सेवाग्राही पोर्टलको व्यवस्था गर्न सक्नेछन्।

(२) उपदफा (१) अनुसारका पोर्टलमा पहुँच गर्न सेवाग्राहीको पहिचान र प्रमाणीकरणका लागि सुरक्षित प्रणाली अपनाउनु पर्नेछ।

(३) सेवाग्राही पोर्टल मार्फत आफ्नो स्वास्थ्य इतिहास, उपचार विवरण, औषधी, निदान सम्बन्धी रिपोर्ट, स्वास्थ्य सेवा प्रदायकको विवरण, सेवा समय, सम्पर्क जानकारी र सेवासम्बन्धी अन्य जानकारी उपलब्ध गराउन सकिनेछ।

८३. **प्रणालीमा डाटाको भण्डारण तथा हटाउने सम्बन्धमाः** (१) प्रदेशको डिजिटल स्वास्थ्य सेवा प्रणालीलाई सुरक्षित, प्रभावकारी र विश्वसनीय बनाउने उद्देश्यले डेटा भण्डारण, सर्भर र क्लाउड व्यवस्थापन सम्बन्धी निम्न प्रावधानहरूको पालना गर्न आवश्यक कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्नेछ।

(क) स्वास्थ्य सेवा सम्बन्धी सबै प्रकारका डिजिटल तथ्याङ्कको तोकिएको मापदण्ड बमोजिम सुरक्षित भण्डारण,

(ख) विद्युतीय स्वास्थ्य सेवा प्रणालीका लागि प्रयोग हुने सर्भरहरूको मापदण्ड निर्धारण, सञ्चालन, सुरक्षा र मर्मतसम्भार,

(ग) डिजिटल स्वास्थ्य सेवा प्रदान गर्न क्लाउड प्लेटफर्महरूको उपयोग, सुरक्षा र व्यवस्थापन,

(घ) नियमित रूपमा डेटा ब्याकअप, अनुगमन तथा निरिक्षण।

(२) सरकारी निकायको स्वामित्वमा रहेका प्रणाली तथा डाटालाई सरकारी सर्भरमा नै सेटअप तथा होस्टिङ गरिनुपर्दछ। सोको लागि लोकल सर्भरहरु सम्बन्धित अस्पतालले नै र केन्द्रीकृत डाटाको लागि मन्त्रालयले सर्भरको सेटअप र व्यवस्थापन गर्नेछ।

(३) सर्भरहरूलाई भौगोलिक रूपमा सुरक्षित र सुविधायुक्त स्थानमा अनुमोदित र प्राविधिक मापदण्ड अनुसारका हार्डवेयर र सफ्टवेयर उपकरणहरू प्रयोग साथै नियमित मर्मत सम्भार र सुरक्षा परीक्षण गर्नुपर्नेछ।

(४) तोकिएको मापदण्ड बमोजिम क्लाउडमा राखिएका तथ्याङ्कको सुरक्षा सुनिश्चित गर्न एनक्रिप्शन, फायरवाल र अन्य सुरक्षात्मक उपायहरू अवलम्बन गर्नुपर्छ। साथै क्लाउडमा राखिएका डाटा पहुँच गर्न अनुमति प्रणाली र पहुँच नियन्त्रण उपायहरू लागू गर्नु पर्नेछ।

(५) विद्युतीय स्वास्थ्य प्रणालीमा क्षति वा सेवा अवरोधको अवस्थामा आकस्मिक तथ्याङ्क पुनः प्राप्ति योजना तयार गरी लागु गर्नु सम्पूर्ण सेवा प्रदायक संस्थाको कर्तव्य हुनेछ।

८४. **स्वास्थ्य तथ्याङ्कको अनाधिकृत प्रयोग गर्न नहुनेः** गोप्य, व्यक्तिगत, सुरक्षित र संवेदनशील जानकारी तथा तथ्याङ्कको पहुँचका लागि अनुमति नभएको व्यक्तिले अनाधिकृत रुपमा तथ्याङ्कको प्रयोग वा वितरण गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

## परिच्छेद – १२

## कसूर तथा सजाय

८५. **कसूरः** कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ख) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गरी उपचार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार प्रदान गर्न इन्कार गरेमा,

(घ) दफा ८ र दफा १३ बमोजिम अनुमति नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ङ) दफा १५ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(च) दफा १६ ले व्यवस्था गरेका आचरणको प्रतिकूल हुने कार्य गरेमा,

(छ) दफा १७ बमोजिम गोपनीयता कायम नगरेमा,

(ज) दफा २३ बमोजिम कुनै स्वास्थ्य संस्थामा उपचार गराउनको लागि आर्थिक लाभ लिएर बिचौलियाको रुपमा कार्य गरेमा,

(झ) दफा २४ बमोजिम कुनै स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको सुरक्षामा प्रतिकूल असर हुने कार्य गरेमा,

(ञ) स्वास्थ्यकर्मी वा स्वास्थ्यसंस्थालाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(ट) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ठ) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(ड) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ढ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ण) दफा ४६ बमोजिम उपभोग्य वस्तुको गुणस्तर मापदण्ड पालना नगरी जनस्वास्थ्यमा प्रतिकूल असर पारेमा,

(त) दफा ५२ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(थ) दफा ६० बमोजिम सङ्क्रामक रोग सम्बन्धी जारी आदेश उल्लङ्घन गरेमा,

(द) दफा ६४ बमोजिम आपत्कालमा जारी गरेको आदेश उल्लङ्घन गरेमा,

(ध) यो ऐन तथा अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरीतको अन्य कुनै कार्य गरेमा।

८६. <u>सजायः</u> दफा ८४ बमोजिम कसूर गरेमा प्रचलित सङ्घीय कानूनमा व्यवस्था भए बमोजिम र दफा ८५ बमोजिम कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ठ), (ड), (ढ), (ण), (थ), (द) वा (ध) बमोजिमको कसूर गरेमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (ख) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (त) बमोजिमको कसूर गरेमा विज्ञापन प्रसारण गर्ने र गराउनेलाई दश हजार देखि तीस हजार रुपैयाँसम्म जरिबाना।

८७. <u>अनुसन्धान गर्ने अधिकारीः</u> यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अधिकारी प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ।

८८. <u>सरकार वादी हुनेः</u> यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ ।

८९. <u>मुद्दा हेर्ने अधिकारीः</u> यस ऐन बमोजिम कसूर ठहरिने मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार मन्त्रालयको जनस्वास्थ्य विषय हेर्ने महाशाखा प्रमुखलाई हुनेछ।

९०. <u>पुनरावेदन सुन्ने अधिकारः</u> दफा ८९ बमोजिम जनस्वास्थ्य विषय हेर्ने महाशाखा प्रमुखले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

९१. <u>क्षतिपूर्तिः</u> (१) यस ऐन बमोजिम कसूर ठहर भएको अवस्थामा मर्का पर्न गएको पक्षलाई पुग्न गएको वास्तविक हानि, नोक्सानी वापत मुद्दा हेर्ने अधिकारीले कसूरदारबाट मनासिब क्षतिपूर्ति भराउन आदेश दिनेछ।

(२) क्षतिपूर्ति भराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९२. **प्रचलित कानून बमोजिम हुने:** यस ऐन बमोजिम सजाय हुने कुनै कसूरमा अन्य प्रचलित कानून बमोजिम समेत सजाय हुने रहेछ भने सो बमोजिम सजाय गर्न बाधा पर्ने छैन।

## परिच्छेद–१३

## विविध

९३. **अस्पताल व्यवस्थापन समितिः** (१) सरकारी अस्पतालको सञ्चालन तथा व्यवस्थापन गर्न तोकिए बमोजिम अस्पताल व्यवस्थापन समितिको गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने अस्पताल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) अस्पताल व्यवस्थापन समिति मार्फत हुने आर्थिक कारोवार, जनशक्ति व्यवस्थापन लगायत अन्य विषयमा मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम अस्पताल व्यवस्थापन समिति गठन भएपछि साविकको अस्पताल विकास समिति स्वतः विघटन हुनेछ ।

९४. **अध्ययन तथा अनुसन्धान गर्न र कार्यदल गठन गर्न सकिने:** (१) प्रदेशमा स्वास्थ्यको सम्बन्धमा अवलम्बन गरिनु पर्ने नीति तथा कार्यक्रमका सम्बन्धमा सुझाव दिन मन्त्रालयले आवश्यकता अनुसार अनुसन्धान गर्न गराउन जनस्वास्थ्यविद् वा विशेषज्ञ चिकित्सक, मनोविद, मनोविमर्शकर्ता, कानूनविद्, नर्सिङ, मानसिक स्वास्थ्यको क्षेत्रका सामाजिक अभियन्ता, सञ्चारकर्मी सहितको कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धानको विषयवस्तु पहिचान, अनुसन्धानकर्ता छनौट, अनुसन्धानकर्ताको कार्य विवरण र पारिश्रमिक मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने कार्यदलको कार्य अवधि, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९५. **समन्वय गर्ने अधिकार:** स्वास्थ्य सेवाको सम्बन्धमा नेपाल सरकार वा स्थानीय तहसँग समन्वय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

९६. **अधिकार प्रत्यायोजनः** अधिकार प्राप्त अधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारहरुमध्ये तोकिए बमोजिमका अधिकार आफू मातहतका निकाय वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

९७. **असल नियतले गरेको काम कारबाहीको बचाउः** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यका लागि जिम्मेवारी तोकिएको कर्मचारी वा पदाधिकारीले असल नियतले गरेको काम कारबाही उपर निजलाई सजाय गरिने छैन।

९८. **नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउने अधिकारः** (१) यो ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम र कार्यविधि बनाउन सक्नेछ।

(२) यो ऐनको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

प्रमाणीकरण मिति -२०८३/०१/०४

आज्ञाले,
ऋषिराज आचार्य
प्रदेश सरकारको सचिव

मुद्रणःगण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।मूल्य रु.१००।—